# उत्तरवर्ती नेपाली उपन्यासको मनोविश्लेषणात्मक पठन

**डा. दुर्गाबहादुर घर्ती**
**सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग**
durgagharti@gmail.com

**लेखसार**

मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा उत्तरवर्ती नेपाली उपन्यासको पठन यस अध्ययनको विषय हो । नेपाली उपन्यासपरम्परामा रुद्रराज पाण्डेको *रूपमती* (१९९१) बाट आधुनिक कालको आरम्भ भएको हो । नेपाली उपन्यासको आधुनिक काललाई २०३६ सालपूर्वको अवधिलाई पूर्ववर्ती चरण र त्यसपछिको अवधिलाई उत्तरवर्ती चरण गरी विभाजन गरिएको पाइन्छ । परम्परागत शिल्पशैलीलाई प्रयोगवादी उपन्यासले परित्याग गर्ने प्रयत्न गरे पनि ती अर्थकेन्द्रवादी नै छन् । केन्द्रभञ्जन र बहुलकेन्द्री प्रवृत्ति २०३६ पछि नै देखापर्दछ । ती विभिन्न केन्द्रमध्ये मनोविश्लेषण पनि एक हो । मनोविश्लेषणात्मक सिद्धान्तको स्थापना सिग्मन्ड फ्रायडले गरेका हुन् । उनले अचेतनलाई मुख्य आधार बनाएर आफ्ना अवधारणा प्रस्तुत गरेका छन् । फ्रायड, एडलर र युङ्ग मनोविश्लेषणात्मक सिद्धान्तका प्रमुख सिद्धान्तकार हुन् । पछि मनोविश्लेषणात्मक सिद्धान्तको परिष्कार, परिमार्जन एवं संशोधन गर्ने प्रयत्नहरू भइरहेका छन् । दर्शन र भाषाविज्ञानका आधारमा मनोविश्लेषणको पुनर्व्याख्या ज्याक लकाँको योगदान हो । लकानीय मनोविश्लेषण उत्तरवर्ती सिद्धान्तहरूको एउटा प्रमुख आधार पनि हो । त्यसले गर्दा मनोविश्लेषण अन्तर्विषयक बन्दै गएको छ । नेपाली उपन्यासपरम्परामा मनोविश्लेषणको प्रयागेगत वैविध्य देखापर्दछ र विभिन्न सन्दर्भमा यसको प्रयोग भएको पाइन्छ । मनोविश्लेषणको परम्परागत अवधारणालाई पनि नवीन परिप्रेक्ष्यका प्रस्तुत गर्नु उत्तरवर्ती उपन्यासका विशेषता हो । स्वैरकल्पना, अहम्को प्रतिबिम्बन, नारीवाद, अभिघात, लैङ्गिक सन्दिग्ध सिद्धान्त, जातीय बोध, साइबर संस्कृति, आप्रवासी पराइपन, जलवायु परिवर्तनको चिन्ता, भूतप्रेतको प्रयोगमा मनोविश्लेषणात्मक सन्दर्भ फेलापर्दछ । प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । सामग्रीको विश्लेषण पाठात्मक विश्लेषण विधिमा गरिएको छ । मनोविश्लेषणको नवीन सन्दर्भमा उत्तरवर्ती नेपाली उपन्यासको अध्ययन खासै नभएकाले प्रस्तुत विषय चयन गरिएको हो । मनोविश्लेषणात्मक प्रयोगका दृष्टिले उत्तरवर्ती नेपाली उपन्यास सबल छन् भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

*शब्दकुञ्जी* : स्वैरकल्पना, अहम्को प्रतिबिम्बन, अभिघात, लैङ्गिक सन्दिग्ध, साइबर संस्कृति

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/०७/१२, लेख पुनरावलोकन मिति : २०८०/०८ १३, लेख स्वीकृत मिति : २०८०/०९/१४ । **प्रकाशक** : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर ।

## विषयप्रवेश

नेपाली उपन्यासमा परम्परागत प्रवृत्तिदेखि दिशान्तर देखिन थालेपछि उत्तरवर्ती चरणको आरम्भ भएको मानिन्छ । निश्चय नै प्रयोगवादी उपन्यासले परम्परागत लेखनबाट वियुक्तिको सङ्केत गरिसकेका हुन्, तर अर्थको केन्द्रीयता तिनले पनि त्याग्न सकेनन् । त्यसैले ती आधुनिकता अर्थात् पूर्ववर्ती चरणअन्तर्गत समेटिन्छन् । पाश्चात्य आख्यानकलाको अनुसरणमा नेपाली उपन्यास लेखिन थालेपछि नेपाली उपन्यासपरम्परामा नौला नौला शिल्प र प्रवृत्तिहरू देखापर्दछन् । नेपाली

उपन्यासको आधुनिक कालको उदय हुनुको आधार पनि त्यही नै हो । पाश्चात्य कलासाहित्यमा चलिरहेको यथार्थवादी प्रवृत्तिलाई रुद्रराज पाण्डेको *रूपमती* (१९९१) ले नेपाली उपन्यासमा भित्र्याउँछ र आधुनिक कालको क्षितिज उघार्छ । आधुनिक कालको पूर्ववर्ती चरणमा सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, अतियथार्वादी, प्रगतिवादी, मनोविश्लेषणात्मक एवं प्रयोगवादी प्रवृत्तिका उपन्यास देखापर्दछन् । गोविन्दबहादुर मल्ल 'गोठाले' को *पल्लो घरको झ्याल* (२०१६) ले मनोविश्लेषणात्मक धाराको आरम्भ गर्दछ । त्यसो त त्यसपूर्वका उपन्यासमा पनि मनोविश्लेषणात्मक सन्दर्भ नभेटिने होइन, किनभने मान्छेका मौलिक स्वभाव र मनोवृत्ति सधैँ उस्तै हुन्छ । गिरीशवल्लभ जोशीको *वीरचरित्र* (१९६०) मा मानवको मानवेतर प्राणीमा र पछि पुनः मानव स्वरूपमा रूपान्तरण; मानवको अलौकिक शक्ति र भूतप्रेत जस्ता अतिमानवीय तत्त्वसँग विजय जस्ता स्वैरकल्पना, *रूपमती* उपन्यासमा सासूको बुहारीप्रति वैरभाव, लैनसिंह बाङ्देलका *मुलुकबाहिर* (२००४) मा पात्रको आवेग–संवेग, शङ्का, पश्चात्ताप, ईर्ष्या जस्ता कुरा एवं *लङ्गडाको साथी* (२००८) मा लङ्गडाको क्षणक्षणमा बदलिइरहने विचार, कुण्ठा र दमित चाहना मनोविश्लेषणात्मक दृष्टिले उल्लेखनीय छन् । तर मनोविश्लेषणलाई सचेततापूर्वक प्रयोग गरिएको पहिलो उपन्यास *पल्लो घरको झ्याल* नै हो । नेपाली उपन्यास यथार्थवाद, प्रयोगवाद हुँदै उत्तरआधुनिकतावादमा अघि बढिरहेको छ र सामाजिक–सांस्कृतिक विषयका अनेक सन्दर्भसँग सम्बद्ध भएर अन्तर्विषयकताको प्रवृत्ति पनि यसमा देखापरिरहेको छ । त्यस क्रममा नेपाली उपन्यासले प्रयोगवादी चरणदेखि यथार्थवाद एवं परम्परागत लेखनको प्रवृत्तिलाई छाडेर अघि बढ्ने सङ्केत गरेको हो । त्यसमा वि.सं. २०३६ देखि नेपाली उपन्यासमा बहुलवाद, आत्मसन्दर्भात्मकता, अर्थको अनिर्धायता, केन्द्रभञ्जन, विधामिश्रण, विडम्बना, सापेक्षतावाद, विनिर्माण जस्ता प्रवृत्ति देखापर्न थाल्दछन् । त्यो आधुनिक कालदेखि कित्ताकाटको प्रयत्न हो र त्यो उत्तरार्ध चरणको आरम्भ पनि हो । त्यहीँदेखि नेपाली उपन्यासले उत्तरआधुनिकतावादी युगमा पाइला सार्छ । पाश्चात्य साहित्यमा सामान्यतः सन् १९६० को दशकदेखि अझ १९७० को दशकदेखि उत्तरआधुनिकतावादी लेखन देखापर्दछ । त्यसको प्रभावमा नेपाली उपन्यासको सिर्जना हुन थाल्दछ । त्यसैबाट उत्तरवर्ती नेपाली उपन्यासको आरम्भ हुन्छ । मनोविश्लेषणको प्रयोग उत्तरवर्ती उपन्यासको एउटा प्रवृत्ति हो ।

उपन्यास र मनोविश्लेषणका बिच घनिष्ठ सम्बन्ध रहेको पाइन्छ । उपन्यास आख्यान विधाको एउटा रूप हो । संरचनागत आयामविस्तारका दृष्टिले कथा र उपन्यास गरी आख्याका दुई प्रकार हुन्छन् । कथा लघु रूपको र उपन्यास बृहत् रूपको हुन्छ । साहित्यमा मनोविश्लेषण अन्य विधामा भन्दा आख्यानमा ज्यादा फस्टाएको देखिन्छ । आख्यानमा मानवीय स्वभावअनुरूपका घटना र पात्रहरूको वर्णन गरिएको हुन्छ र मनोविश्लेषणले मानवस्वभावको गहन अध्ययन गर्दछ । कथामा भन्दा उपन्यासमा घटनावर्णन र पात्रको चारित्रिक विकास विस्तारपूर्वक हुने भएकाले उपन्यासमा मनोविश्लेषणात्मक सन्दर्भ अझ सूक्ष्म र व्यापक हुन सक्छ । मनोविश्लषणात्मक सिद्धान्तको स्थापना सिग्मन्ड फ्रायडले गरेका हुन् । उनले प्राचीन ग्रिसेली मिथकहरूका आधारमा आफ्ना अवधारणा प्रस्तुत गरेका छन् । कार्ल गुस्ताभ युङ्ग आद्यस्वरूप र मिथकका अध्येता हुन् । अल्फ्रेड एडलरको हीनताग्रन्थिसम्बन्धी मान्यता उत्तिकै महत्त्वपूर्ण छ । सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्ग मनोविश्लेषणात्मक सिद्धान्तका बृहत्त्रयी हुन् । फ्रायडको अचेतनको खोजी, एडलरको हीनताग्रन्थि एवं युङ्गको आद्यस्वरूपको अवधारणा मनोविश्लेषणका मूल आधार हुन् । पछि ती शास्त्रीय मान्यताका संशोधन, परिष्कार र परिमार्जगका प्रयत्न भएका छन् । तीमध्ये ज्याक लकाँको मनोविश्लेषणात्मक अवधारणा सर्वाधिक महत्त्वपूर्ण छ ।

नेपाली मनोविश्लेषणात्मक उपन्यास लेखिन थालेपछि त्यसको अध्ययन पनि हुनथालेको पाइन्छ । उत्तरवर्ती चरणका उपन्यासको अध्ययन पनि प्रायः पूर्ववर्ती उपन्यासको अध्ययन जस्तै देखापर्दछ । कुमारबहादुर जोशी (२०३८/२०५१) को *पाश्चात्य साहित्यका प्रमुख वाद* नामक पुस्तकमा अतियथार्थवादको परिचय दिने सन्दर्भमा मनोविश्लेषणको पनि चर्चा गरिएको छ । यो वाद तार्किकता र बौद्धिकतालाई मन नपराउने र अचेतन र अवचेतनको खोजमा केन्द्रित हुने हुनाले यसको सम्बन्ध मनोविश्लेषणसँग निकट छ भन्ने कुरा यसमा उल्लेख गरिएको छ । ईश्वरकुमार श्रेष्ठ

(२०५१) को *पूर्वीय एवं पाश्चात्य साहित्य–समालोचना प्रमुख ममान्यता, वाद र प्रणाली* नामक पुस्तकमा पाश्चात्य समालोचनाको प्रणालीको परिचय दिने क्रममा मनोविज्ञानपरक समालोचना प्रणालीको पनि चर्चा गरिएको छ । यसमा फ्रायड, एडलर र युङ्गका मान्यतालाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ। सैद्धान्तिक समालोचनाका दृष्टिले यो उल्लेखनीय छ। मुरारीप्रसाद रेग्मी (२०५५) को 'मनोविश्लेषण' शीर्षकको *नेपाली साहित्यकोश*मा सङ्गृहीत लेखमा मनोविश्लेषात्मक सिद्धान्तको परिचय दिएका छन् । यसमा सर्वप्रथम मनोविश्लेषणात्मक सिद्धान्तको पृष्ठभूमि प्रस्तुत गर्दै त्यसको स्थापनाको प्रक्रिया देखाइएको छ । फ्रायड, एडलर, युङ्गलगायत उत्तरवर्ती मनोवैज्ञानिकहरूको मान्यतालाई एकसाथ प्रस्तुत गर्नु यस लेखको उल्लेखनीय पक्ष हो । ऋषिराज बराल (२०५६) को उपन्यासको सौन्दर्यशास्त्रमा 'उपन्यास–चिन्तनका प्रमुख सिद्धान्तहरू' अन्तर्गत 'नयाँ मनोविश्लेषणवादी सिद्धान्त' मा ज्याक लकाँका मान्यताहरूको परिचय दिइएको छ। फ्रायडका मान्यतालाई परिशोधन गर्नमा आई. ए. रिचर्डस र नर्मन हलैन्डको योगदान महत्त्वपूर्ण छ । तर ती सबैको सारमा ज्याक लकाँको नयाँ मनोविश्लेषणवाद देखापऱ्यो भन्ने विचार यसमा प्रस्तुत गरिएको छ। कृष्णप्रसाद भण्डारी (२०५६) को *फ्रायड र मनोविश्लेषण*मा सिग्मन्ड फ्रायडका प्रमुख सिद्धान्तहरूको परिचय प्रस्तुत गरिएको छ । यसमा मनोविश्लेषणसिद्धान्तलाई चिनाउँदै मूल प्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, दमनको सिद्धान्त, अन्तर्द्वन्द्वको सिद्धान्त, अहम् प्रतिरक्षा रचनाको सिद्धान्त, दैनिक जीवनका मनोविकृतिहरू, सपनाको सिद्धान्त, मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त र मनश्चिकित्सापद्धतिको परिचय दिइएको छ। इन्द्रविलास अधिकारी (२०६१) को *पश्चिमी साहित्यसिद्धान्त*मा पाश्चात्य साहित्यमा प्रचलित विभिन्न समालोचनाको परिचय दिने क्रममा मनोवैज्ञानिक समालोचनाको पनि परिचय दिइएको छ । यसमा फ्रायड, ह्यारोल्ड ब्लुम, ज्याक लकाँ र युङ्गका प्रमुख मान्यताहरूको परिचय दिइएको छ । त्यसैगरी आदिमतापरक समालोचनाको परिचय पनि यसमा प्रस्तुत गरिएको छ । दुर्गाबहादुर घर्ती (२०६७) को *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधानमा* मनोविश्लेषणात्मक सिद्धान्तका प्रमुख मान्यताहरूको परिचय दिँदै मनोविश्लेषणात्मक नेपाली उपन्यासको परम्परा प्रस्तुत गर्ने क्रममा उत्तरवर्ती नेपाली उपन्यासको पनि विश्लेषण गरिएको छ । कृष्णहरि बराल (२०६८/२०७२) को *मनोविश्लेषण र साहित्य* सैद्धान्तिक एवं प्रायोगिक समालोचनाका दृष्टिले उल्लेखनीय छ । यसमा सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर, कार्ल गुस्ताभ युङ्ग, ज्याक लकाँ, करेन हर्नी, अन्ना फ्रायडका साथै अटो रेङ्क, इरिक इरिक्सन, बी. एफ. स्किनर, अल्बर्ट इलिस र जुलिया क्रिस्टेभाका मान्यताहरूको परिचय दिइएको छ। एकनारायण पौड्याल (२०७०) को समालोचनाको स्वरूप र पद्धतिमा समालोचनाको पद्धतिको परिचय दिने क्रममा मनोविश्लेषणात्मक समालोचनाको पनि परिचय दिइएको छ। यसमा 'मनोविश्लेषणात्मक समालोचना' र 'नव मनोविश्लेषणात्मक समालोचना' शीर्षकअन्तर्गत मनोविश्लेषणात्मक समालोचनाको चर्चा गरिएको छ । यसप्रकारको समालोचना फ्रायडद्वारा प्रतिपादित सिद्धान्तमा आधारित हुन्छ र एडलर, युङ्ग, लकाँ आदिका मान्यतालाई पनि यसले आधार बनाउने कुरालाई यसमा स्पष्ट पारिएको छ। कृष्ण गौतम (२०७१) को *उत्तरसिद्धान्त : अद्यतन चिन्तनका महान् पश्चिमी प्रणेता* नामक पुस्तकमा उत्तरवर्ती मनोविश्लेषात्मक सिद्धान्तको चर्चा गरिएको छ। यसमा लकाँ, ह्यारोल्ड ब्लुम, डेल्युज र ग्वाटरी आदिका मनोविश्लेषणात्मक सिद्धान्तलाई अघि सारिएको छ। अनुपमा रेग्मी (२०७६–२०७७) को *प्रज्ञा* (वर्ष १, पूर्णाङ्क ११९) 'जुलिया क्रिस्टेभाको नवमनोविश्लेषण र साहित्यको अन्तर्पाठीय अध्ययन पद्धति' शीर्षकको लेखमा जुलिया क्रिस्टेभाका मनोविश्लेषणात्मक मान्यता र त्यस आधारमा साहित्यको अन्तर्पाठीय अध्ययन पद्धतिको परिचय दिइएको छ । क्रिस्टेभाका मान्यता धेरै हदसम्म ज्याक लकाँको अवधारणासँग मिल्ने र केही भिन्न रहेको कुरा यस लेखमा चर्चा गरिएको छ। षडानन्द पौड्याल (२०७८) को *नेपाली लोकविश्वास* नामक पुस्तकमा सपनासँग सम्बन्धित लोकविश्वासको अध्ययन गर्ने क्रममा फ्रायडको स्वप्नसिद्धान्तको पनि उल्लेख गरिएको छ। यसमा सपना अचेतन मनसँग सम्बन्धित हुन्छ र अचेतन अनुभवजन्य एवं यथार्थपूर्ण हुन्छ भन्ने विचार यसमा प्रस्तुत गरिएको छ । यी अध्ययन मूलतः फ्रायड, एडलर र युङ्गका शास्त्रीय सिद्धान्तमा आधारित छन् । नवमनोविश्लेषणात्मक मान्यताका आधारमा उत्तरवर्ती उपन्यासको अध्ययन खासै हुन सकेको छैन। त्यसैले प्रस्तुत लेखमा

उत्तरवर्ती नेपाली उपन्यासमा मनोविश्लेषणात्मक प्रयोगको प्रवृत्ति केकस्तो छ भन्ने प्रश्न नै मुख्य समस्या बनाइएको छ । त्यही समस्याको समाधान पहिल्याउनु यस लेखको मुख्य उद्देश्य हो ।

## *अध्ययनविधि*

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । मनोविश्लेषणात्मक उपन्यास यस अध्ययनका प्राथमिक सामग्री हुन् । यी उपन्याससँग सम्बन्धित पूर्वअध्ययन एवं सैद्धान्तिक लेख एवं पुस्तकहरू द्वितीयक सामग्री हुन् । तिनलाई टिपोट विधिका आधारमा सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्ययनमा सामग्री विश्लेषण गुणात्मक पद्धतिमा आधारित छ । तिनलाई पाठात्मक विश्लेषण विधिमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक ढाँचा मनोविश्लेणात्मक सिद्धान्तमा आधारित छ । सैद्धान्तिक ढाँचा एवं विवेच्य उपन्यासहरूको अध्ययनका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । मनोविश्लेषण नै प्रस्तुत अध्ययनको मुख्य अवधारणा हो । स्वैरकाल्पनिक परिदृश्य, अहम्को प्रतिबिम्बन, नारीवादी अन्यपन, अभिघातीय अनुभूति, यौनिक सन्दिग्धको मनोपीडा, जातीय बोध, साइबरीय यथार्थ, आप्रवासी पराइपन, भूतप्रेतको उपस्थिति, जलवायु परिवर्तनको चिन्ता मनोविश्लेषणात्मक अवधारणाका सूचक हुन् । तिनै सूचकहरूका आधारमा सामग्रीको विश्लेषण गरिएको छ ।

## **मनोविश्लेषणको सैद्धान्तिक आधार**

मनोविज्ञान मनको अध्ययन गर्ने विज्ञान वा शास्त्र हो । मनोविज्ञानका विभिन्न पद्धतिमध्ये मनोविश्लेषण पनि एक हो । मानवीय मनको अध्ययनलाई फ्रायडले व्यवस्थित गरी मनोविश्लेषणात्मक सिद्धान्तको स्थापना गरेका हुन् । मानवीय मनसम्बन्धी चिन्तन भने प्राचीन कालदेखि नै पाइन्छ । पूर्वीय तथा पाश्चात्य चिन्तनपरम्परामा मनलाई दर्शन, अध्यात्मवाद, कामशास्त्र, साहित्यशास्त्र आदि विविध सन्दर्भमा विवेचना गरिएको पाइन्छ । पुनर्जागरण कालपश्चात् विभिन्न किसिमका मनोवैज्ञानिक उपागमको विकास हुँदै गएको देखिन्छ । तीमध्ये सिग्मन्ड फ्रायडद्वारा स्थापित मनोविश्लेषणात्मक सर्वाधिक चर्चित रहेको छ । फ्रायडीय मनोविश्लेषण वस्तुतः अचेतनको अवधारणामा आधारित छ । मनको सिद्धान्त, स्वप्नव्याख्या, मूल प्रवृत्तिको सिद्धान्त, मनोलैङ्गिक विकासको सिद्धान्त आदि फ्रायडका पूर्ववर्ती मान्यता हुन् । *बियोन्ड प्लेजर प्रिन्सिपल* (सन् १९२०) देखि फ्रायडको मान्यतामा केही परिवर्तन देखापर्दछ । पहिले जीवन–मूल प्रवृत्ति मात्र उल्लेख गरेका फ्रायडले यसमा मृत्यु–मूल प्रवृत्तिको पनि समावेश गरेका छन् । त्यसैगरी उनले मनका गत्यात्मक शक्तिको व्याख्या गर्दै इदम्, अहम् र पराहम्लाई त्यसका घटक मानेका छन् । अहम्रक्षा युक्तिसम्बन्धी मान्यता पनि पछिल्लो चरणको उपलब्धी हो ।

फ्रायडको मान्यतालाई उत्तरवर्ती कालमा संशोधन र पुनर्व्याख्या गर्ने क्रम चलिरहेको देखिन्छ । अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङ्ग पहिले फ्रायडको सहयोगी भए पनि पछि फ्रायडबाट छुट्टिएर उनीहरूले स्वतन्त्र मनोविज्ञानको स्थापना गरेका छन् । एडलरको मनोविज्ञानको आधार हीनताग्रन्थिको अवधारणा हो । मान्छेको जीवनशैली हीनताग्रन्थिलाई जित्ने प्रयत्नले निर्माण गर्दछ भन्ने उनको मान्यता छ । युङ्गले अचेतनलाई वैयक्तिक र सामूहिक गरी दुई प्रकारमा वर्गीकरण गर्दै वंशानुगत रूपको सामूहिक अचेतनलाई बढी महत्त्व दिएका छन् । त्यसकै आधारमा उनले आद्यस्वरूप वा आद्यबिम्बको व्याख्या गरेका छन् । युङ्गले अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वको अवधारणा पनि प्रस्तुत गरेका छन् । मेलनी क्लेनको वस्तुसम्बन्ध सिद्धान्त (अब्जेक्ट रिलेसन्स थिअरी) बेलायतमा चर्चित रहेको मनोविज्ञान हो । अमेरिकामा हेरी स्टेक सलिभनको अन्तर्वैयक्तिक सम्बन्ध सिद्धान्त क्लेनको अवधारणासँग निकट छ । कोहुँको स्वमनोविज्ञान र सलिभनको

सिद्धान्त त्यस्तै प्रकारका छन् । हार्टम्यानलाई अहम् मनोविज्ञानको संस्थापकका रूपमा चिनिन्छ । अन्ना फ्रायडको पनि त्यसमा सहकारी भूमिका रहेको छ ।

भाषाविज्ञान र दर्शनसँग सम्बद्ध भएर मनोविश्लेषणले संरचनावाद हुँदै उत्तरसंरचनावादमा प्रवेश गरेको छ । त्यसमा ज्याक–मरी–इमाइल लकाँको योगदान छ । उत्तरसंरचनावादको स्थापनामा ज्याक डेरिडा, रोलाँ बार्थ र ज्याक लकाँको महत्त्वपूर्ण भूमिका छ । तिनीहरूले पूर्ववर्ती भाषाविज्ञान, मनोविश्लेषण र दर्शनहरूका कतिपय स्थापनाहरूको उपयोग गर्दै तिनका सीमितता र परिमिततालाई भत्काउने काम गरेका छन् । त्यसका लागि उनीहरूले विपठन, विनिर्माण र अर्थको विचलनलाई मूल आधार बनाएका छन् । डेरिडाले फ्रायडीय मनोविश्लेषणको सहयोग पनि लिएका छन् र त्यसको विपठन पनि गरेका छन् । उनले 'डिफराँस' को अवधारणाद्वारा मनोविश्लेषणको विनिर्माणवादी व्याख्या गरेका छन् ।

लकाँको मनोविश्लेषण पनि फ्रायडीय मनोविश्लेषणको विपठन नै हो । उनले फ्रायडका मान्यतालाई पृथक् ढङ्गमा व्याख्या गरेका छन् । लकाँको मनोवैज्ञानिक व्याख्या मूलतः फ्रायडीय अवधारणाको विपठन हो । लकाँका अनुसार अचेतन भाषाजस्तै संरचित हुन्छ (लकाँ, सन् १९७८, पृ. २०) । फ्रायडको अचेतन मूल प्रवृत्यात्मक हुन्छ, आदिम स्वरूपको हुन्छ र यो भाषाभन्दा अगाडि नै आउँछ भन्ने मान्यतालाई लकाँले स्वीकार गरेका छैनन् । लकाँका अनुसार अचेतन न आदिम हुन्छ न त मूलप्रवृत्यात्मक, यो सङ्केतकको तत्त्वभन्दा बढी केही होइन (लकाँ, सन् २००६, पृ. ४३४) । अचेतन अभाव हो, अनुपस्थिति हो । व्यक्तिका आफ्ना इच्छा हुने भए पनि त्यो समाजको नीतिनियम अर्थात् अन्यको इच्छाका सामु बाधित हुन पुग्दछ र व्यक्ति अन्य व्यक्तिको इच्छाअनुसार चल्न बाध्य हुन्छ । अन्यको इच्छा भनेको अन्यको माग हो । त्यसका फलस्वरूप अन्यको इच्छा व्यक्तिको इच्छा हुन्छ । त्यसैले अचेतन अन्यको सङ्कथन हो (लकाँ, सन् २००६, पृ. २६५) । त्यसलाई लकाँले काल्पनिक अवस्था, प्रतीकात्मक अवस्था र यथार्थको अवधाररणाबाट अझ स्पष्ट पारेका छन् ।

नेपाली उपन्यासको पूर्वार्ध चरणका उपन्यास मूलतः फ्रायडकेन्द्री छन् । 'गोठाले' को *पल्लो घरको झ्याल* (२०१६), विजय मल्लको *अनुराधा* (२०१८), भवानी भिक्षुका *सुभद्रा बज्यै* (२०१९), *आगत* (२०३२), *पाइप नं. २* (२०३४), तारिणीप्रसाद कोइरालाको *सर्पदंश* (२०२६), विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा* (२०२७) पात्रको अचेतनको उद्घाटनमा केन्द्रित छन् । अचेतनमा दमित इच्छा, अझ विशेषगरी कामेच्छा, अचेतनको प्रेरणा, इदम् तथा अहम् र पराहम्का बिच द्वन्द्व जस्ता कुराको चित्रण नै ती उपन्यासको मुख्य विशेषता हुन् । तिनमा केही मात्रामा एडलर र युङ्गको मनोविज्ञानको पनि प्रयोग गरिएको पाइन्छ । ती उपन्यासहरूमा पात्रमा हीनता ग्रन्थि र उच्चता ग्रन्थिको प्रभाव, आद्यस्वरूप तथा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वको चित्रण पनि गरिएको पाइन्छ । उत्तरार्ध चरणका उपन्यासमा मनोविश्लेषणको प्रयोग विविध सन्दर्भसँग सम्बद्ध भएर प्रयोग गरिएको देखिन्छ । मनोविश्लेषणका कतिपय शास्त्रीय अवधारणा पनि पछिल्लो चरणका उपन्यासमा नौलो सन्दर्भमा प्रयोग गरिएको पाइन्छ ।

**स्वैरकाल्पनिक परिदृश्य**

स्वैरकल्पनालाई दिवास्वप्न वा कल्पनातरङ्ग पनि भनिन्छ । फ्रायडका अनुसार कुनै एकदम स्पष्ट कल्पनाजाललाई दिवास्वप्न भनिन्छ र स्वप्न जस्तै दिवास्वप्न वा स्वैरकल्पना पनि साँच्चीकै इच्छाहरूको पूर्ति हो (फ्रायड, सन् १९८९, पृ. ४४०) । फ्रायडले साहित्य लेखनलाई स्वैरकल्पनाका रूपमा उल्लेख गरेका छन् । लकाँले स्वैरकल्पनालाई पृथक् ढङ्गमा अर्थ्याएका छन् । उनका अनुसार स्वैरकल्पना व्यक्तिको विकृत कल्पना हो जसमा उसले आनन्दका लागि आफूलाई अन्य ठान्दछ (लकाँ, सन् २००६, पृ. ६९९) । काल्पनिक अवस्थाको आदर्श बाबु, बन्ध्याकरणको त्रास आदि स्वैरकल्पना हुन् । यसबारे सन् १९८० को दशकयता केही पृथक् धारणा देखापर्दछ । इथेल पर्सनका अनुसार स्वैरकल्पना इच्छाको अभिव्यक्ति, चेतन प्रेरणाको अस्वीकार वा प्रतिक्रिया निर्माण हुन सक्छ, तर यसको काम अभावको क्षतिपूर्ति गर्नु

मात्र नभएर भविष्यप्रति आशाको वातावरण सिर्जना गर्नु पनि हो । स्वैरकल्पना त्यस्तो रङ्गमञ्च हो जसमा हामी आगामी जीवनको सम्भाव्य दृश्यको पूर्वावलोकन गर्न सक्छौँ (ब्रदर्स, सन् २००८, पृ. ३५) । पछिल्लो समयमा स्वैरकल्पनालाई अनिश्चयको मनोविज्ञानका रूपमा लिइएको पाइन्छ ।

आधुनिक नेपाली उपन्यासपरम्परामा स्वैरकल्पनाको प्रयोग गर्ने उपन्यासकारमा ध्रुवचन्द्र गौतमको नाम अग्रपङ्क्तिमा आउँछ । उनका प्रायः सबै उपन्यासमा कमबेसी स्वैरकल्पनाको प्रयोग गरिएको पाइन्छ । उनको पहिलो उपन्यास *अन्त्यपछि* (२०२४) र त्यसपछिको *बालुवामाथि* (२०२८) मा स्वैरकल्पना छिपछिपे रूपमा देखापरेको छ भने *डापी* (२०३३) मा स्वैरकल्पना उपन्यासको आधारभूमि बनेर आएको छ । उनको *अलिखित* (२०४०) उपन्यासमा बिरहिनपुर बरेवा नामको अनुकल्पित गाउँलाई स्थानगत परिवेशका रूपमा उभ्याइएको छ । शोषण, गरिबी, अशिक्षा, सन्त्रास, बेलाबेलामा आउने महामारी रोग आदिले ग्रस्त तराईको गाउँ बिरहिनपुर बरेवा नेपालको नक्सामा अलिखित छ । त्यो कहीँ पनि छैन, किंवदन्ति भइसकेको छ । उपन्यासको अन्त्यमा दोरहन्तल पोखरा बढ्दै गएर बिरहनपुर बरेवा गाउँलाई समाप्त गरेको र त्यसले उपन्यासका पात्रलाई पनि लखेट्दै गरेको अनि पोखरीले शस्त्रास्त्रले सुसज्जित मानिसहरूको आकृति धारण गरेको कुरा उल्लेख गरिएको छ । उनको *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८) उपन्यासमा तेस्रो अन्त्य स्वैरकाल्पनिक छ । रवि र लक्ष्मीको मृत्यु भएर चितामा राखिसकेपछि पनि रविले आँखा खोलेर खेल कस्तो लागेको भनेर प्रश्न गर्नु र लक्ष्मी सुनेर पनि बोल्नु नसक्नु काल्पनिक प्रकारको छ । उनको *अग्निदत्त + अग्निदत्त* (२०५३) मा काल्पनिक तुरुप राज्यको स्थापना गरिएको छ ।

सरूभक्तको *पागल–बस्ती* (२०४८) मा काल्पनिक बस्तीको निर्माण गरिएको छ । त्यहाँ बस्नेहरूलाई अन्यत्रकाले पागल भन्छन् तर ती आत्मानुशासित, बौद्धिक र शिल्पी छन् । अहम्वाद उनीहरूको जीवनदर्शन हो र त्यो उनीहरूको चेतनाको आधार पनि हो । प्रशान्त त्यस बस्तीको निर्माता हो र उसलाई त्यहाँ बस्नेहरूले आदिगुरु भनेर सम्बोधन गर्छन् । उसले मार्थालाई त्यस बस्तीका बारेमा भनेको छ— "यो शोषित, पीडित, प्रताडित, अपमानित र उपेक्षितहरूको बस्ती हो" (सरूभक्त, २०४८, पृ. ७४) । सरूभक्तको *समय त्रासदी* (२०५८) उपन्यासमा मुख्य घटना र परिस्थिति स्वैरकाल्पनिक छ । पतिपीडिता मायाले पतिको र पत्नीपीडित सागरले पत्नीको हत्या गरेर आफ्ना छोराछोरी साथमा लिएर अनिश्चित दिशातर्फ भाग्दै जाँदा मानवरहित भूमिबाट नयाँ भूमिमा पुग्छन् । त्यस ठाउँलाई मुक्त घृणास्थल वा घृणाको स्वतन्त्रभूमि भनिएको छ । त्यहाँ होटलमा खाना खाने क्रममा मासुको माग गर्दा जवाफमा भनिएको छ :

> अहँ, मलाई अत्यन्त खेद छ, यहाँ त्यस्ता कुनै पशुको मासु पाइँदैनन् । यो ठाउँमा पशुपक्षीका मासु खान पूर्ण बन्देज लाइएको छ । यहाँ कसैलाई पनि पशुपक्षीहरू मार्ने अधिकार छैन । ... संवैधानिक रूपले यो नरभक्षीहरूको भूमि हो, अथवा मान्छेको मासु खानेहरूको ठाउँ । यहाँ तपाईंहरू मान्छेका मासु र रगत पाउन सक्नुहुन्छ, यदि खान चाहनुहुन्छ भने । (सरूभक्त, २०५८, पृ. ८८)

स्वैरकल्पनाको प्रयोगका दृष्टिले मनुजबाबु मिश्रको *स्वप्न सम्मेलन* (२०५६) उल्लेखनीय छ । उपन्यासको हर्मिताजमा किरात राजा यलम्बर, अरनिको, सेक्सपियर, महाकवि लक्ष्मीप्रसाद देवकोटा, अरस्तु, फिडियस आदि व्यक्तिहरूको भेला भइरहन्छ । उनीहरू साहित्य, कला, संस्कृति, सौन्दर्य, दर्शनका बारेमा बहस गर्छन् । यसरी हर्मिताजलाई महान् व्यक्तिहरूको मिलनकेन्द्र बनाएर साहित्य, सङ्गीत, कला, दर्शनको विकास गर्न चाहेको कुरा यस स्वैरकल्पनाद्वारा प्रस्तुत गरिएको छ ।

तेराखको *सर्वजा* (२०६०) स्वैरकल्पनामा आधारित उपन्यास हो । यस उपन्यासमा मूल रूपमा सर्वजा र अनेक रूपमा अरू नारीहरू देखापर्दछन् । अनेक पुष्प, वनस्पति र प्रकृतिजगत्का उपजहरू यस उपन्यासमा पात्रवत् रूपमा आएका

छन् । 'म' मात्र तिनीहरूमा रूपान्तरित हुन्छ र तिनीहरू 'म' पात्रमा रूपान्तरित हुन्छन् । 'म' पात्रकी श्रीमती सुत्केरी हुँदा घरमा सघाउन आएकी सर्वजाप्रति 'म' पात्रको रतिरागजन्य आकर्षण उत्पन्न हुन्छ र त्यसलाई आदर्शको भावले छोप्न खोज्दा ऊ अनेक भावना र कल्पनामा डुब्न थाल्दछ । उसले चराचर जगत्मा सर्वजा व्याप्त भएको देख्दछ । उसमा एउटा अलौकिक शक्तिको प्रवेश हुन जान्छ र ऊ विचित्रको मनोलोकमा विचरण गर्न थाल्दछ । ऊ स्वदेशको यात्रादेखि विश्वका अनेक ठाउँमा यात्रा गर्दछ, उसको अनेक ठाउँमा, अनेक जातिमा, अनेक रूपमा जन्म हुन्छ । त्यसका एउटा उदाहरण :

> सर्वजा शक्तिको बलले सर्वजामय म ग्रेटब्रिटेनको डब्लिनको आकाशमा वायुरूपले घुम्न थालेँ । म पृथ्वीको नजिक नजिक हुँदै जर्ज केयर र लुसिन्डा एलिजाबेथ गर्लीको संयुक्त प्रयासले उनीहरूको सन्तानका रूपमा ई. सं. १८५६ मा जर्ज बर्नार्ड शाका रूपमा अवतरित हुन पुगेँ । (तेराख, २०६०, पृ. ११७)

प्रस्तुत उपन्यास यौन भावनाको उदात्तीकरणका रूपमा स्वैरकल्पनाको प्रयोग गरिएको छ । त्यसमा नारीको सौन्दर्य, उनीहरूको शक्ति र महत्ता प्रस्तुत गर्ने मुख्य लक्ष्य रहेको देखिन्छ । इतिहास, मनोविज्ञान, धर्मशास्त्र, जीवविज्ञान, दर्शन आदिको ज्ञानले कामजन्य एषणा तिरोहित भएको छ ।

सञ्जीव उप्रेतीको *घनचक्कर* (सन् २००७) मनोविदलतापरक स्वैरकल्पनामा आधारित छ । मनोविदलता एक प्रकारको मनोविक्षिप्तताको मानसिक रोग हो । यसलाई अङ्ग्रेजीमा 'सिजोफ्रेनिया' र अमेरिकी उच्चारणमा 'स्किजोफ्रेनिया' भनिन्छ । वास्तविकताबाट पलायन, आत्मकेन्द्री स्वभाव, विभ्रम, व्यामोह, कुराकानी तथा लेखाइसम्बन्धी गल्तीहरू, विचारप्रक्रियामा विकृति जस्ता लक्षण यस रोगमा देखापर्दछन् (भण्डारी, २०६३, पृ. ८६) । यस उपन्यासमा 'म' पात्रले आफू र अन्यलाई हेर्ने र पहिचान गर्ने ढङ्ग, उसको अनुभूति र धारणा असामान्य प्रकारको छ । विश्वविद्यालयको नेपाली सांस्कृतिक अध्ययन विभागमा अध्यापन गर्ने प्राध्यापक 'म' पात्र मानसिक रूपमा अस्वस्थ रहेको छ । प्राध्यापन, बोराका बोरा उत्तरपुस्तिका परीक्षण, सेमिनार सञ्चालन, विभागीय बैठक, शोधपत्र प्रतिरक्षा कार्यक्रम, पत्रिकामा स्तम्भ लेखन जस्ता कार्यको अतिशय बोझले उसमा मानसिक समस्या उत्पन्न भएको देखिन्छ । उसका क्रियाकलाप र परिदर्शन अनौठा, स्वप्निल र स्वैरकल्पनात्मक किसिमका छन् । उसले घण्टाघरकै छेउ दरबारमार्गको बिचमा आकाशसम्म अग्लिएको अद्भुत टावर ढलेको, विरोधजुलुससँग ऊ पनि दरबारको गेटभित्र पसेको, दरबार हत्याकाण्ड देखेको, त्यहाँबाट भागेको उल्लेख गरेको छ । उसको काल्पनिक परिदर्शन अझ विचित्रको छ :

> मैले देख्दादेख्दै अब ती बुढा दुब्ला नेता वसन्तपुरकै दिशाबाट उर्लँदै आइरहेको पानीको ठुलो पर्खालतिर दुई हात फिँजाएर दौडँदै छन् । हेर्दाहेर्दै पानीको लहरले उचालेर पुनः थचारेका नेता लमा मसिना पानीसर्पमा रूपान्तरण भएका छन् । तीव्र इच्छा र जीवनशक्तिले टिलपिलाइरहेका साना आँखा भएको पानी–सर्पमा ।
>
> नारायणहिटी राजदरबारको गेटअगाडि पद्मासन कसेको गेरुवा वस्त्रधारी, ठुला डरलाग्दा आँखा भएको त्यो जोगी अति विशाल हाँसमा परिवर्तन भएको छ । उर्लँदो भेलको चिन्ता नगरी ऊ नाकका देब्रे र दाहिने प्वालबाट चल्ने श्वासप्रश्वासको ध्यान गरेर बसेको थियो । ... हेर–हेर, कसरी पानीका लहरहरू बस टर्मिनल, ब्याङ्क तथा सेयर बजार, विद्यालय तथा अस्पतालहरूलाई डुबाउँदै उपत्यकाको उत्तरी भागतिर लम्किरहेका छन् । हेर, कसरी त्यो उन्मत्त भेल अब म रहेको पागलखानासम्म आइसकेको छ । (उप्रेती, सन् २००७, पृ. २०३)

प्रस्तुत उपन्यासमा पात्रको स्वैरकाल्पनिक परिदर्शन अयथार्थ किसिमको भए पनि निरर्थक भने छैन । झट्ट हेर्दा ती मानसिक रोगीको दृष्टिभ्रम जस्ता लाग्छन् । तर तिनले प्रतीकात्मक अर्थबोध गराउँछन् ।

कुमार नगरकोटीको *मिस्टिका* (२०७२) उपन्यासमा अयथार्थ र अयथार्थ अर्थात् वास्तविकता र स्वैरकल्पना मिश्रित रूपमा आएका छन् । ठाउँ ठाउँमा रहस्य, विलक्षणता र काल्पनिकता व्याप्त देखापर्दछ । उपन्यासमा 'कुण्डलिनी कुहिरो,' 'ब्ल्याक फ्यान्टासी,' 'गर्भ–गृह, अग्निसमाधि र डेड एन्ड' जस्ता परिच्छेदगत शीर्षक छन् । उपन्यासको टुङ्ग्याउनी खण्ड पुरै स्वैरकाल्पनिक छ ।

**अहम्को प्रतिबिम्बन**

व्यक्तिले स्वको पहिचान अन्य व्यक्तिका माध्यमबाट गर्छ । परिवार र समाजमा रहँदा व्यक्तिको अन्य व्यक्तिरूसँग सम्बन्ध हुन्छ । त्यही सम्बन्धका आधारमा व्यक्तिले अरू र आफूलाई चिन्दछ । त्यसैले मनोविश्लेषणको भाषामा व्यक्तिका लागि अन्य व्यक्ति ऐना हो र त्यसबाट परावर्तित स्वको बिम्ब वास्तविक आफू नभएर अन्य हो । त्यसलाई लकाँले लघु अन्य (लिटिल अदर) भनेका छन् । त्यो प्राथमिक पहिचान हो । त्यो पहिचान यथार्थ नभएर काल्पनिक हुन्छ । यथार्थ त अगोचर एवं अगम्य हुन्छ । व्यक्तिको त्यसप्रकारको पहिचानलाई लकाँले काल्पनिक अवस्था भनेका छन् । शिशुको छ महिनादेखि अठार महिनासम्मको समयावधि अर्थात् शिशु भाषामा प्रवेश गर्नुभन्दा अगाडिको अवस्था हो । यस अवस्थामा शिशुले आफू र अन्य व्यक्ति तथा वातावरणलाई चिन्दछ । अन्य व्यक्ति चिन्ने र त्यसका आधारमा आफूलाई चिन्ने प्रक्रिया नै ऐना प्रकरण हो । शिशुले आफूलाई ऐनामा प्रक्षेपण गर्दछ र ऐनाबाट परावर्तित शरीरको खण्डित बिम्बलाई आफ्नो समग्रता ठान्दछ । आमाको शरीर नै शिशुका लागि दर्पण हो । त्यसैले दर्पणमा प्रतिबिम्बित आफ्नो शरीरको बिम्ब भ्रान्तिपूर्ण वा स्वप्नवत् प्रकारको हुन्छ (लकाँ, सन् १९७७, पृ. १–२) । दर्पणावस्थामा व्यक्तिको जम्काभेट अन्यसँग हुन्छ । त्यो कर्ताको जगत्सँग सम्बन्ध हो । दर्पणमा देखिने बिम्ब र वास्तविकता संयोगले उस्तै देखिए पनि वास्तविक वस्तु दर्पणबाट गइसकेको हुन्छ (लकाँ, सन् १९९१, पृ. १४१) । वास्तविक म र दर्पणमा प्रतिबिम्बित अहम् भिन्न हुन् । यसप्रकारको पहिचान स्थानिक हुन्छ ।

विजय मल्लको *कुमारी शोभा* (२०३९) अहम्को प्रतिबिम्बन भएको उदाहरणीय उपन्यास हो । सानैमा कुमारीका रूपमा रहेकी र कुमारी जिउँदो देवीको रूप हो भन्ने समाजको दर्पणमा शोभाले आफूलाई साँच्चिकै देवीका रूपमा देख्न थाल्दछे र देवीको जस्तो व्यवहार देखाउँछे । गोविन्दबहादुर मल्ल 'गोठाले' को *अपर्णा* (२०५३) मा पनि अपर्णाले समाजको दर्पणमा आफूलाई हेरेकी छ र उसलाई आफू बलात्कृत हुनुलाई बिटुलिएको, कलुषित भएको भन्ने लागेको छ । समाजले जहिलेसुकै नैतिकता, सच्चरित्रता, आदर्श र मर्यादा चाहन्छ र अपर्णाले आफूलाई त्यसै ऐनाबाट हेरेकी छ । उसले जीवविज्ञान, मनोविज्ञान वा अन्य दृष्टिबाट आफूलाई हेर्न सकेकी छैन । त्यसैले उसको स्वको पहिचान भ्रमपूर्ण छ । रोशन थापा 'नीरव' को *प्रत्येक श्रवणकुमार अर्थात् युद्ध* (२०६४) उपन्यासमा आत्मप्रक्षेपण र त्यसको परावर्तित बिम्बको प्रस्तुति छ । यस उपन्यासमा पात्र उपन्यासकार आकाशको प्रतिबिम्बित अहम्का रूपमा उसको पात्र श्रवणकुमारलाई हेरिएको छ । ती दुवै प्रकारका पात्रमा वास्तविक उपन्यासकारको स्व प्रतिबिम्बित भएको छ । उनको *प्रस्थान्तर* (२०६५) मा पनि लेखकीय स्व पर्याप्त मात्रामा प्रतिबिम्बित छ । बुद्धिसागरको *कर्नाली ब्लुज* (२०६७) मा 'म' पात्रले आफूलाई बाबुको दर्पणमा हेरेको छ । उसले बाबुलाई कसरी चिनेको छ र बाबुका सन्दर्भबाट आफूलाई कसरी चिनेको छ भन्ने कुरा यस उपन्यासमा देखाइएको छ । उदाहरणका लागि 'म' पात्रको एउटा भनाइ :

> राति पनि ढाकाटोपी सिरानमुन्तिर राखर म हिक्कहिक्क रोइरहेँ । गुम्लुङ्ङ छोपेको झुलभित्र उकुसमुकुस भइरहेँ । मेरो खटियाछेउ बाआमाको खटिया थियो, त्यसैले मेरो हिक्का सुनिहाल्नुहुन्थ्यो । दिदी भित्रपट्टि सुत्थिन् । अबेरसम्म मैले हिक्कहिक्क गरेपछि 'यो छौँडालाई पनि के भो कुन्नि' भन्दै आमा मुर्मुरिनुभो । बा

एक झप्को निदाएर उठ्नुभएछ । झिलिलिली टर्च बाल्नुभो । खुइय सुस्केरा हाल्दै मेरो खटियाछेउ आउनुभयो । झुलको एक फेद डसनाबाहिर तान्नुभो । अनि मेरा आँखामा टर्चको तेजिलो प्रकाश छरियो ।
'के भो तँलाई ?' बाले मेरो निधार छाम्नुभो, 'ज्वरो आयो ?'
बाको मायालु आवाजले म झन् पिन्चे भएँ । हिक्का झन् बेस्मारी छुटे । बर्बरी आँसु खसे । सुत्त टोपी फाल्दै म भक्कानिएँ, 'लाउन्नँ म यस्तो टोपी, मैले त क्यापटोपी भनेको ।'
... भोलिपल्ट बा अलि चाँडै घर आइपुग्नुभो, आमा र दिदी गाईगोरु लिन अमौरीखोलातिर गएका थिए । म आँगनमै थिएँ । हातगोडा धोएर बाले इस्टकोटको गोजीमा हात हाल्नुभो । बाले क्यापटोपी ल्याइदिनुभएछ । (बुद्धिसागर, २०६७, पृ. २२—२३)

प्रस्तुत उपन्यासमा बाबुप्रतिको हेराइ काल्पनिक तहको छ । 'म' पात्रले बाबुलाई 'आदर्श बाबु' का रूपमा हेरेको छ । यद्यपि त्यसमा केही यथार्थता नभएको भने होइन । उसले बाबुको दर्पणमा आफूलाई जुन रूपमा ठम्याएको छ, त्यो मात्रै उसको समग्रता होइन, स्वको अल्प अन्य हो ।

**नारीवादी अन्यपन**

लिङ्गको भिन्नताद्वारा नारी र पुरुषको पहिचान हुन्छ । नारीकेन्द्री दर्शनमा 'नारीवाद,' 'नारीपन,' 'नारीत्व' जस्ता शब्द प्रचलित छन् । नारीवादले राजनीतिक दृष्टिकोण, नारीपनले जीवविज्ञानको कुरा र नारीत्वले सांस्कृतिक रूपमा निर्धारित गरिएको विशेषताहरूको ढाँचा भन्ने बुझाउँछन् (मोइ, सन् १९८६, पृ. २०४) । सिमोन द बुआ जैविक, मनोवैज्ञानिक वा आर्थिक पक्षले मानव नारीलाई निर्धारण गर्छन् भन्ने कुरा स्वीकार गर्दिनन् । उनका विचारमा महिला नारी हो भन्ने कुरा महिलाको सोचको परिणाम हो । महिलाका रूपमा कोही जन्मिदैन, तर महिला बन्दछन् (बुआ, सन् १९५३, पृ. २७३) । जुलिया क्रिस्तिभाले नारीत्वलाई स्थानका रूपमा हेरेकी छन् । उनका भनाइमा नारीत्व भनेको त्यो हो जुन पुरुषसत्तात्मक प्रतीकात्मक अवस्थाद्वारा सीमान्तकृत गरिएको छ । उनले उल्लेख गरेका नारी सङ्घर्षका चरणलाई सारांशमा यसरी देखाउन सकिन्छ– पहिलो चरण, जसमा महिलाले प्रतीकात्मक अवस्थामा समान पहुँचको माग गरे, त्यो उदार नारीवाद हो । दोस्रो चरण, जसमा महिलाले भिन्नताका नाममा पुरुष प्रतीकात्मक अवस्था अस्वीकार गरे, त्यो अतिवादी नारीवाद हो । तेस्रो चरण, जसमा महिलाले दर्शनका रूपमा पुलिङ्ग र स्त्रीलिङ्को द्विचर विभाजन अस्वीकार गरे, त्यो क्रिस्तिभाको आफ्नो अवस्था हो (मोइ, सन् १९८६, पृ. २१२ र २१४) । क्रिस्तिभाको अवधारणा प्रतीकात्मक अन्यसँग सम्बन्धित छ । लकाँले त्यसलाई बृहत् अन्य (बिग अदर) भनेका छन् । त्यसले भिन्नता र प्रतीकात्मक बाबु भन्ने दुवै अर्थ बुझाउँछ । शिशुमा भाषाको ज्ञानसँगै सामाजिक नियमको ज्ञान पनि हुन थाल्दछ । त्यो नियमनकारी व्यक्ति बाबुको सङ्केतक हो, अन्य (बिग अदर) हो (लकाँ, सन् १९७७, पृ. १६८) । नारी र पुरुष एकाअर्काका लागि अन्य हुन्, सङ्केतक हुन् । नारी र पुरुष दुवैलाई एकअर्काको खाँचो पर्दछ । त्यसैले प्रतीकात्मक अन्य भनेको अन्य लिङ्ग हो (लकाँ, सन् १९९८, पृ. ४०) । मनोविश्लेषणमा शिश्न र लिङ्ग एउटै कुरा होइन । शिश्न अङ्गविशेष हो भने लिङ्ग सङ्केतक हो । त्यो विशेषाधिकार प्राप्त सङ्केतक हो, जुन अन्यको स्थानमा रहन्छ (लकाँ, सन् २००६, पृ. ५८१) । लिङ्गले प्रतीकात्मक रूपमा अरूमाथि शासन गर्छ । यदि महिलाले आफूलाई कर्ताका रूपमा स्थापित गर्न सक्ने हो भने उसले आफूलाई लिङ्गसमान बनाउन सक्छ (बुआ, सन् १९५३, पृ. ७४) । अन्य भनेको बाबु हो, त्यो जैविक बाबु नभएर प्रतीकात्मक बाबु हो, नियामक शक्ति हो । त्यसलाई लकाँले 'नेम–अफ–द–फादर' भनेका छन् ।

नेपाली उपन्यासपरम्परामा आधुनिक कालको उठानबिन्दुदेखि नै नारीलाई केन्द्र बनाएर उपन्यास लेखिन थालेको हो । रुद्रराज पाण्डेको *रूपमती* (१९९१), हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* (२०११), गोविन्दबहादुर मल्ल 'गोठाले' को

*पल्लो घरको झ्याल* (२०१६), विजय मल्लको *अनुराधा* (२०१८), पारिजातको *शिरीषको फूल* (२०२२), विश्वेश्वरप्रसाद कोइरालाको *तीन घुम्ती* (२०२५) आदि उपन्यास नारीका समस्यालाई आधार बनाएर लेखिएका छन् । मदनमणि दीक्षितको *माधवी* (२०३९), विनोदप्रसाद धितालको *योजनगन्धा* (२०५२) आदि उपन्यासमा नारीका विभिन्न पक्षलाई प्रस्तुत गरिएको छ । तर नारीको स्वतन्त्र अस्तित्व र प्रतीकात्मक अन्यपनलाई सर्वप्रथम पद्मावती सिंह (२०६२) को *समानान्तर आकाश* उपन्यासले नै अगाडि सारेको हो । यसमा नारीको प्रतीकात्मक अन्यपन अर्थात् नारीको स्वतन्त्रता, श्रेष्ठता र महत्ताको अभिव्यक्ति तीव्र छ । यसमा पुरुष र नारीबिचको द्विचर विरोधको मान्यताप्रति असहमति प्रकट गर्दै नारी पुरुषको महान्तालाई देखाउनका लागि त्यसको तुलनीय हीन कोटीको प्राणी होइन, त्यो द्वितीयक वर्गको मनुष्य पनि होइन भन्ने विचारलाई जोडदार रूपले उठाइएको छ । उदाहरणका लागि समाख्याता 'म' पात्रको यो सोचलाई लिन सकिन्छ :

पुरुषहरू स्वयम्मा खराब कहाँ हुन्छन् र ! सामाजिक संरचना र पितृसत्तात्मक समाजका कारण उनीहरूलाई सानैदेखि महिलाभन्दा माथिल्लो स्तरमा राखी व्यवहार गरिदिनाले र पुरुषले घरभित्रको काम गर्नुहुँदैन र महिलाहरूलाई दबाएरै राख्नुपर्छ भन्ने सामाजिक धारणा र मान्यतामा हुर्केका हुँदा तिनीहरूको मानसिकता आइमाईप्रति कठोर हुन गएको हो । परम्परागत सोचाइ र मूल्यमान्यताकै कारण पुरुष र महिलाबिच असमानताको पर्खाल खडा भएको हो । यस्ता मान्यताहरू मानिसले आफैँ बनाएका हुन् । त्यसैले आधुनिक दृष्टिकोणमा यस्ता मूल्य र मान्यतालाई भत्काएर मात्र पुरुष र महिलाबिच समानता कायम हुन्छ । (सिंह, २०६७, पृ. १०१) यस उपन्यासमा नारीलाई मनोरञ्जनको खेलौना मात्र ठान्ने, नारीको इच्छा र भावनालाई कदर गर्न नजान्ने अनि स्वतन्त्रता नदिने पुरुषप्रति नारीहरूले विद्रोह गरेका छन् । नेपाली समाजमा नारीहरू काममा जोतिइरहने पुरुषहरू भने थुप्रिएर कोही तास खेल्ने, कोही रक्सी खानमा व्यस्त हुने परिपाटी रहेको छ । त्यसले नारी र पुरुषका बिचमा असमानताको खाडल सिर्जना भएको छ । त्यसका लागि सामाजिक संरचना भत्काउनु आवश्यक छ । सामाजिक संरचना कसरी भत्काउने भन्ने सन्दर्भमा सुस्मिता भन्छे :

> हामी महिलाहरूले सामाजिक संरचनामा रहेका यथास्थितिको विरोध गर्न सक्नुपर्छ । पुरुषद्वारा महिलाहरूप्रति गरिने दुर्व्यवहार, महिलालाई भोग विलासको साधनका रूपमा हेरिने पुरुष मानसिकता, महिला र पुरुषबिच विद्यमान परम्परागत मूल्य र मान्यतालाई तोड्न सक्नु पर्छ । त्यसका लागि महिलाहरू स्वयम् अघि बढी यी सबका विरुद्ध हक र अधिकारका लागि लड्नुपर्छ । (पृ. ६)

आमा बन्न पाउनु नारीको पहिलो अधिकार हो । सुस्मिताको लोग्नेले जिउ बिग्रन्छ भनेर पत्नीलाई गर्भवती हुन दिँदैन । सुस्मिताले आमा बन्ने दृढ इच्छा व्यक्त गरेपछि ऊ त्यसमा सफल त हुन्छे । लोग्नेले परित्याग गरे पनि सुस्मिता हतोत्साही हुँदिन, बरु गैरसरकारी संस्थामा काम गरेर आफ्ना छोराछोरीलाई पढाउँछे, हुर्काउँछे र आमाको दायित्व पूरा गर्दछे । उपन्यासकी अर्की नारी पात्र स्विटी कुमारी आमा बन्ने आँट गर्दछे । पुरुषको बलात्कारको सिकार भएपछि ऊ गर्भवती हुन्छे । ऊ आफूलाई छोराको आमा र बाबु दुवै भएर देखाउन सफल भएकी छ । नम्रताले पुरुषको अधीनमा रहनुभन्दा बिहे नगरी बस्ने निर्णय गरेकी छ । यस उपन्यासका नारीहरू हरेक दृष्टिले पुरुषहरूभन्दा सशक्त देखापर्दछन् । त्यसबाट उनीहरू पुरुषभन्दा पृथक् मात्र होइन कि श्रेष्ठ पनि छन् बुझिन्छ । त्यो प्रतिकात्मक अन्य हो, बृहत् अन्य हो ।

कृष्ण धरावासीको *राधा* (२०६३) मा राधा प्रेमिका, सँगिनी, शासक जस्ता विभिन्न रूपमा देखापरेकी छ । सौहार्दता, धैर्य र उदात्त गुण भएकी राधा नारी अस्मिताप्रति सचेत छे र ऊ आफूलाई कृष्णभन्दा श्रेष्ठ देखिन्छे । शारदा शर्माको *ताप* (२०६९) उपन्यासमा पुरुषहरूसँगको सम्बन्धमा मानसिक चोट पाएर रन्थनिए पनि आफूलाई समाल्न सक्षम भएका नारीहरूको कथा छ । मनिषा गौचनको *वल्लीको डायरी* (२०६९) उपन्यासमा नारीलाई पुरुषले बिहे नाममा घर रुँग्ने र सासूको सेवा गर्ने, यौनक्षुधा पूर्ति गर्ने माध्यमका रूपमा मात्र प्रयोग गर्ने प्रवृत्तिप्रति विरोध प्रकट गरिएको छ । उमा सुवेदीको

*तोदा* (२०७०) उपन्यासमा हिटलरको पुरुषवादी महत्त्वाकाङ्क्षा र अहङ्कारले यहुदीहरूको नरसंहार गर्दा त्यसको मारमा परेका जर्मनीका यहुदी नारी र कामका लागि इजरायल पुगेका नेपाली नारीहरूका समस्यालाई उठाइएको छ ।

**अभिघातीय अनुभूति**

अभिघात ग्रिसेली 'ट्रमा' वा 'ट्रउमा' शब्दको नेपाली रूप हो । यसको अर्थ शारीरिक चोट, घाउ वा क्षति भन्ने हुन्छ । मनोविज्ञानमा यसको अर्थ मानसिक आघात, चोट वा कटु अनुभव भन्ने हुन्छ । मनोविज्ञानमा यसलाई उत्तर अभिघातीय तनाव विकृति (पिटिएसडी) भनिन्छ । सिग्मन्ड फ्रायड र जोसेफ ब्रुअरले मनोविश्लेषणको प्रारम्भिक समयमै डर, दुश्चिन्ता, लज्जा वा दैहिक पीडा जस्ता कुनै पनि दुःखद अनुभूतिले अभिघातको जन्म गराउन सक्छ भन्ने पहिल्याएका हुन् । फ्रायडका अनुसार अभिघात अचेतनमा दमित मानसिक पीडा हो जसको उद्दीपनले मनमा स्थायी विक्षोभ पैदा हुन्छ (फ्रायड, सन् १९१०, पृ. २५४) । अभिघात अचेतनमा दमित रहे पनि स्मृतिबाट हटेको हुँदैन । पहिले जुन कुराले शारीरिक वा मानसिक रूपमा गम्भीर चोट पारेको थियो, त्यस्तै प्रकारको स्थिति आइपर्दा व्यक्तिमा तुरुन्त पूर्ववेदना पुनः एक्कासि प्रकट हुन्छ र ऊ भयभीत हुन थाल्दछ । फ्रायडले अभिघातलाई मातृरति ग्रन्थिसँग जोडेका छन् । उनका अनुसार बाबुबाट बन्ध्याकरण हुने डरले शिशुमा त्रास पैदा हुन्छ र त्यो पछि गएर अभिघातमा परिणत हुन्छ । अभिघात विगत र वर्तमानको स्मृतिमिश्रण हो । यो भूतकालसँग सम्बद्ध भए पनि यसले वर्तमानमा तर्साइरहन्छ । वर्तमानमा यसको अस्तित्व अवास्तविक भए पनि यसको मानसिक प्रभाव वास्तविकको भन्दा बढी हुन्छ । अभिघात अनुपस्थितको अर्थात् अन्यको उपस्थिति हो । क्याथी क्यारुथ यो अन्यपनको रहस्य हो, त्यसैले यो पूर्ण ज्ञेय हुँदैन भन्छिन् (वोल्फ्रीज, सन् २००२, पृ. १३२) । पछिल्लो समयमा फ्रायडले भने जस्तो गरी अभिघातको अचेतनसँग सम्बन्धित सोझो अर्थ हुँदैन भन्ने मान्यता पाइन्छ ।

उत्तरवर्ती नेपाली उपन्यासमा नेपालको दश वर्षे सशस्त्र द्वन्द्व, विश्वयुद्ध, बलात्कारको घटना आदिले सिर्जना गरेको अभिघातको प्रस्तुतीकरण पाइन्छ । त्यसप्रकारका उपन्यासहरूमध्ये नारायण वाग्लेका *पल्पसा क्याफे* (सन् २००५), *मयूर टाइम्स* (सन् २०१०), गोविन्दराज भट्टराईको *सुकरातका पाइला* (२०६३), राजेन्द्र पराजुलीको *अनायिका* (२०६३), युग पाठकको *उर्गेनको घोडा* (२०६६), पुण्य खरेलको *त्रिवेणी आमा* (२०६६), शारदा शर्माको *ताप* (२०६९) उपन्यास उल्लेखनीय छन् । सरकारी पक्ष र विद्रोही पक्ष परस्पर द्वन्द्वरत भएका मात्र नभएर दुवै पक्षबाट नागरिकहरू सन्त्रस्त हुनुपरेको र त्यसले अभिघातको स्वरूप लिएको छ । *ताप* उपन्यासको एउटा अंशले पनि यस कुरालाई स्पष्ट पार्छ :

> त्यसै बखत एउटा मध्यरात हाम्रो घरमा कसैले ढोका ढकढक्याएको थियो । सङ्कटकालमा सेनाले गरेको कुरामा कुनै सुनुवाइ हुँदैनथ्यो । जनता माओवादी र सेनाको चेपुवामा थियो । एउटासँग अर्को डराउनुपर्ने अवस्था थियो । गाउँका सबैले झैँ हामी पनि समसाँझै भात खाएर धन्दा सक्थ्यौँ र सुते पनि नसुते पनि बत्ती निभाउँथ्यौँ । (शर्मा, २०६९, पृ. १२४)

पद्मावती सिंहको *समानान्तर आकाश* (२०६२), मोहनराज शर्माको *सलिजो* (२०६६), मनिषा गौचनको *वल्लीको डायरी* (२०६९) उपन्यासमा बलात्कारको अभिघात समाविष्ट छ । विगतमा भएको बलात्कारको घटनाको स्मृतिले वर्तमानमा पनि पीडाबोध हुने, आत्तिने, डराउने जस्ता लक्षण देखापर्ने कुरा यी उपन्यासमा देखाइएको छ । उदाहरणका रूपमा *सलिजो* उपन्यासलाई लिन सकिन्छ । यसमा सात जना पुरुषबाट सामूहिक रूपमा बलात्कृत भएकी ज्वाला अभिघातका सिकार भएकी छ । "अहिले सम्झना गर्दा पनि ज्वालालाई बलात्कारको त्यस पीडाले पहेँलो पारेको छ" भनिएको छ (शर्मा, २०६६, पृ. २०१) । गणेश राईको युद्ध एम्बुसमा *राइफलको सङ्गीत* (२०६६) र दलबहादुर पुन मगरको *दोस्रो विश्वयुद्धको पीडा* (२०६६) उपन्यासमा दोस्रो विश्वयुद्धले उत्पन्न गरेको अभिघातलाई मूल विषयवस्तु बनाइएको छ । यी उपन्यासमा

युद्धमा होमिदा झेल्नुपरेको सन्त्रासमय अवस्थाको चित्रण छ । उमा सुवेदीको *तोदा* (२०७०) हिटलरको नरसंहारले यहुदीहरूले झेल्नुपरेको अभिघात प्रस्तुत गरिएको छ । यसबारे उपन्यासको आरम्भमै भनिएको छ :

> 'यही हो हिटलर । अब यो ठाउँ पनि सुरक्षित रहेन ।'
> मेरा पति बेन्जामिनले एकदमै आत्तिएको स्वरमा भने । म भने हिटलरको नामै सुनेर थरर काँपेँ । ओठमुख सुके मेरा । छोरी सिर्लीलाई बलियो गरी आफ्नो छातीमा टाँसेँ । मलाई यति बेला लागिरहेको थियो, चारैतिर दुष्टात्माहरू छन् र तिनीहरू मेरी छोरीलाई खोस्न चाहन्छन् । (सुवेदी, २०७०, पृ. १)

यो हिटलरको यहुदी जातिविनाशको त्रासले उत्पन्न गरेको अभिघात हो ।

**लैङ्गिक सन्दिग्धको मनोपीडा**

सिद्धान्तका रूपमा सन्दिग्ध शब्द अङ्ग्रेजी 'क्विअर' शब्दको नेपाली रूप हो । त्यसको अर्थ अनौठो, नमिल्ने, विचित्र, समलैङ्गिक आदि भन्ने हुन्छ । नारी समलिङ्गी, पुरुष समलिङ्गी, द्विलैङ्गी, परिवर्तित लिङ्गी, द्विङ्गी एवं अलिङ्गीलाई एउटै छाताभित्र समेट्ने सिद्धान्तलाई सन्दिग्ध सिद्धान्त (क्विअर थिअरी) भनिन्छ । पाश्चात्य चिन्तनमा सन् १९९० को दशकमा ग्लोरिया आन्जलदुआ तथा अन्य विद्वान्हरूद्वारा यसको आरम्भ भएको हो । यसको विकासमा इभ कोसोभ्स्की सेज्विक, मिसेल वार्नर, जुडिथ बटलर आदिको योगदान रहेको छ । उनीहरू समलिङ्गी र विषमलिङ्गी भन्ने परम्परागत मान्यतालाई अस्वीकार गर्छन् । यौनिकता यौनिक विषय र शरीरसँग जोडिएको कुरा मात्र नभएर मनसँग पनि जोडिएको कुरा हो । त्यसमा यौनिक सहभागीको चयनका साथै शारीरिक संरचनामा अन्यभन्दा पृथक् भएकाले अन्यसँगको सम्बन्धमा उत्पन्न हुने मानसिक पीडा पनि पर्दछ । निर्धार्यता र स्थिरताको विरोध गर्ने अनि लचिलोपन र सम्भावनाहरूमा विश्वास गर्ने भएकाले यसलाई सन्दिग्ध सिद्धान्त भनिएको हो । यसको दार्शनिक पृष्ठाधार मिसेल फुकोको सिद्धान्त भए पनि यो लकानीय मनोविश्लेषणबाट पर्याप्त प्रभावित छ । यसले सन्दिग्धहरूका पहिचान र अधिकारका कुरालाई उठाउँछ । पहिचान भनेको अन्यसँग वा अन्यविरुद्ध परिचयको प्रभाव हो । पहिचान स्वत्व नभएर प्रक्रिया हो जुन सधैँ अपूर्ण हुन्छ (जगोस, सन् १९९६, पृ. ७९) । वास्तवमा पहिचान भनेको काल्पनिक निर्माण हो, व्यक्तिको स्थान हो । समलैङ्गिक अनुराग वा सम्बन्ध विपरीत लिङ्गीका बिच हुने सम्बन्धभन्दा पृथक् यौनिक व्यवहार हो । त्यसलाई सकारात्मक ठानेर समर्थन गर्ने सिद्धान्त सन् १९९० को दशकदेखि मात्र देखापरेको हो । त्यसपूर्व समलैङ्गिक सम्बन्धलाई यौनविकार मान्ने धारणा पाइन्छ । फ्रायडमा अनुसार अन्य धेरै विपरीत कुराहरूमध्ये समलैङ्गिकताको प्रवृत्ति पनि एक हो (फ्रायड, सन् १९७५, पृ. ६) । ज्याक लकाँले पनि समलैङ्गिकतालाई विकृत सम्बन्ध भनेका छन् (लकाँ, सन् १९८८, पृ. २२०) । लकाँले त्यसलाई काल्पनिक अवस्थाको अवलोकन क्रियासँग सम्बद्ध गरेर व्याख्या गरेका छन् । फ्रायडको आत्मरतिको सिद्धान्त र लकाँको दर्पणावस्थाको सिद्धान्तमा आफ्नै परावर्तित बिम्ब देखर मोहित हुने कारणले व्यक्तिमा आफू समानको लिङ्गप्रति आकर्षित हुने प्रवृत्तिको विकास हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । लैङ्गिक सन्दिग्धलाई समाजमा शङ्का र हेय भावले हेर्ने, दुर्व्यवहार गर्ने र अन्य ठान्ने हुनाले उनीहरूले मानसिक पीडा खेप्नुपरेको छ । उनीहरूले झेल्नुपरेको अभिघात र पहिचानको प्रश्न मनोविश्लेषणका दृष्टिले महत्त्वपूर्ण छ ।

नेपाली उपन्यासपरम्परामा अलैङ्गिक एवं परिवर्तित लिङ्गीको समस्यालाई सर्वप्रथम नयनराज पाण्डेको *अतिरिक्त* (२०५०) ले उठाएको हो । यसमा अलिङ्गी पात्रले कसैबाट स्नेह र सहानुभूति नपाएको र एकनास उपाहासको सिकार बन्नुपरेको अवस्था छ । उसले "उपेक्षाकै क्रममा म हुर्किरहेँ र बिस्तारै बिस्तारै सबैलाई चिन्दै गएँ । स्थितिहरू जन्मँदै गए र भोग्दै हिँडिरहेँ । आमा र बुबाका अनुहारहरू, रङ्गहरू मेरा लागि केवल एउटा अभिभावकको रूपमा कायम हुँदै गए" (पृ. ३६) भन्दछ । साथीहरूको व्यवहारमा उसलाई होच्याएको, गिज्याएको, खिसी उडाएको जस्तो अनुभव हुन्छ ।

भाउजूहरूको हेराइमा उसले सधैँ एउटा व्यङ्ग्यजस्तो कुरा मात्र देख्ने गर्दछ । यिनै कारणले उसमा हीनताको भावना विकसित हुनपुगेको छ । लिङ्ग परिवर्तन भएपछि पहिला पुरुषका रूपमा चिनिदै आएको व्यक्ति नारीका रूपमा चिनिन कठिन लागेको कुरा उसले व्यक्त गरेको छ । यो संस्कृतिले निर्धारण गरेको नारीत्वको प्रभाव हो । नारीका रूपमा हुँदा उसको परम्परागत संस्कृतिले प्रदान गरेको स्थान खोसिन्छ ।

समलिङ्गी अनुराग वा सम्बन्ध भएको उपन्यासका रूपमा मोहनराज शर्माको *सलिजो* (२०६६६) देखापर्दछ । उपन्यास ज्वाला र रूपा नामका नारी समलिङ्गी जोडीको केन्द्रित छ । उपन्यासको शीर्षक 'समलिङ्गी जोडी' भन्ने पदावलीको सङ्क्षिप्त रूपका आधारमा 'सलिजो' राखिएको छ । ज्वाला र रूपा एकअर्कालाई माला पहिऱ्याएर विवाह गर्छन् । उपन्यासमा त्यसबारे भनिएको छ :

बेहुलाको नाम ज्वाला हो ।
ज्वाला स्वदेशी ब्याङ्क लि. को छैटौँ तहमा काम गर्छे ।
उसको सोखचाहिँ फोटोग्राफी हो ।
बेहुलीको नाम रूपा हो ।
रूपा जानुका इङ्गलिस विद्यालयमा भाषासाहित्य पढाउँछे ।
उसको सोखचाहिँ पत्रकारिता हो । (शर्मा, २०६६, पृ. ४४)

ज्वाला पति र रूपा पत्नीका रूपमा भएकाले उनीहरूले आफ्नो पहिचान पुरुष र नारीका रूपमा प्रस्तुत गरेका छन् :

ज्वालाको कपाल छोटोछोटो छ, केटा कट ।
रूपाको कपाल गर्धनभरि छरिएको छ, थाइ कट ।
ज्वालाको आँखा रित्तो छ, ओठ सादा छ, कान बुच्चो छ र घाँटी खाली छ ।
रूपाको आँखामा गाजल छ, ओठमा लाली छ, कानमा झुम्का छ र घाँटीमा सुनको सिक्री छ ।
ज्वाला कोट र प्यान्टमा ठाँटिएकी छ, दुलहाझैँ ।
रूपा टिमिक्क कसिएको टल्किने रातो कुर्तासुरुवालमा सजिएकी छ, दुलहीझैँ ।
ज्वाला सधैँ केटाको रूप र पहिरनमा रहने केटी हो ।
रूपा सधैँ केटीको रूप र पहिरनमा रहने केटी हो । (शर्मा, २०६६, पृ. ४४)

उपर्युक्त कथनबाट ज्वालामा पुरुषसुलभ गुण र रूपामा नारीसुलभ गुण देखापर्दछ । उनीहरूका आचरण र व्यवहार पनि नारी र पुरुषका जस्ता भिन्न भिन्न छन् । वेशभूषाबाट प्रकट हुने पहिचान प्रतीकात्मक पहिचान हो, त्यसमा यथार्थता छैन । वेशभूषाले लिङ्गको निर्धारण गर्दैन, त्यो स्थायी पहिचान पनि होइन, तर पनि उनीहरूले त्यसो गरेका छन् । त्यो पहिचानको प्रक्रिया मात्र हो । उनीहरूबिचको दाम्पत्य सम्बन्ध पनि जैविक वा भौतिक नभएर मनोगत प्रकारको देखिन्छ । समलिङ्गी सम्बन्धका कारण उनीहरूले समाजबाट विभिन्न प्रकारका पीडा सहनुपरेको छ ।

जया ओझाको *आवरण* (२०७३) मा द्विलिङ्गी अर्थात् नारी र पुरुष दुवै यौनचिह्न भएको व्यक्तिको अन्तर्कथा प्रस्तुत गरिएको छ । पुरुषका रूपमा चिनाइए पनि उसलाई नारीका रूपमा चिनिन मन लाग्छ । छोरा किरणका नाममा समाजमा चिनाइएको भए पनि ऊ नारी ज्योतिका नाममा चिनिन चाहन्छ । उसको मुख्य समस्या पहिचानको हो । त्यसका साथै ऊ पारिवारिक हिंसा र उपेक्षाको सिकार बनेको छ । पछि ऊ अल्पसङ्ख्यकहरूको अधिकारका लागि सक्रिय हुन्छ ।

**जातीय बोध**

जातीयता कुनै निश्चित भाषा, समाज, संस्कृति, इतिहास, परम्परा, धर्म, जातिसँग सम्बन्धित विषय हो । यसलाई सामान्यतः सांस्कृतिक अध्ययनको क्षेत्रअन्तर्गत लिइन्छ । जातीय अवधारणा राजनीतिक आन्दोलनसँग सम्बन्धित छ । नश्ल र जातका आधारमा समाज र राज्यका तर्फबाट हेपिएको, अधिकारबाट वञ्चित गरिएको, सीमान्तकृत गरिएको भन्दै पहिचान र अधिकारका लागि भएका आन्दोलन र तत्सम्बन्धी विचारबाट जातीय सिद्धान्त बनेको छ । फ्रान्केनबर्गका अनुसार जातीय पहिचान निर्मित हुन्, जन्मसिद्ध होइनन्, जात भनेको संस्कृतिको कार्य हो, यो प्रकृतिको विरोधी हुन्छ, यो जैविक प्रकार होइन (सेडिङ्गर, सन् २००२, पृ. ४५) । जातीय सिद्धान्तको मुख्य पक्ष पहिचानको अध्ययन हो । लकाँका अनुसार पहिचानका दुई प्रकार हुन्छन्– काल्पनिक र प्रतीकात्मक । काल्पनिक पहिचान अनुकरणात्मक हुन्छ । यसले अन्यसँग द्वैत सम्बन्ध स्थापित गर्छ र व्यक्तिले आफ्नो पहिचानको स्वरूप लिन्छ । फ्रान्ज फ्याननका अनुसार काला र गोराबिचको सम्बन्ध पनि काल्पनिक अवस्थाअनुरूको हुन्छ । डायना फुस र होमी भाभा के तर्क गर्छन् भने बलात् पहिचान प्राथमिक साधनमध्ये एक हो जसबाट उपनिवेशकले उपनिवेशीमाथि नियन्त्रण गर्दछ, उपनिवेशीले उपनिवेशकको अनुकरण गर्नैपर्छ, तर अनुकरण जस्ताको तस्तै हुन सक्तैन किनभने उपनिवेशीले उपनिवेशकको स्थान बुझ्नै सक्तैनन् । यो लकानीय काल्पनिक अवस्था जस्तो देखिए पनि यो प्रतीकात्मक हुन्छ । प्रतीकात्मक पहिचान व्यक्तिको इच्छा अन्यको इच्छाका लागि भन्ने कुरामा आधारित हुन्छ (सेडिङ्गर, सन् २००२, पृ. ४८–४९) । गोरा जाति नै नियामक हुनाले उनीहरू कालाका लागि प्रतीकात्मक बाबु हुन् । नेपालीमा काला र गोरा जातिभन्दा पनि शासक र शासित जातिबिचको सम्बन्धलाई लिइएको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा शङ्कर कोइरालाको *खैरनीघाट* (२०१८) मा नै जातीय पहिचान र विशेषता प्रस्तुत गरिएको छ । यसमा कोसीकिनारमा बसोबास गर्ने माझी जातिलाई मुख्य केन्द्रमा उभ्याएर त्यसका सेरोफेरोमा तामाङलगायत अन्य जातिका विशेषता देखाइएको छ । इन्द्रबहादुर राईको *आज रमिता छ* (२०२१) मा जातीय पहिचान र अस्तित्वको कुरा उठाइएको छ । विश्वेशवरप्रसाद कोइरालाको *सुम्निमा* (२०२७) यस दृष्टिले उल्लेखनीय छ ।

उत्तरवर्ती चरणमा रमेश विकलको *अविरल बग्दछ इन्द्रावती* (२०४०) मा माझी, दौलतविक्रम विष्टको *हिमाल र मान्छे* (२०४५) मा शेर्पा, हिरण्य भोजपुरेको *छिटेन* (२०५४) मा गुरुङ, कृष्णराज सर्वहारीको *गन्तव्य* (२०५९) मा थारू, देश सुब्बाको *आदिवासी* (२०६४) मा लिम्बु, युग पाठकको *उर्गेनको घोडा* (२०६६) मा तामाङ, राजन मुकारुङका *हेत्छाकुप्पा* (२०६५) र *दमिनी भीर* (२०६९) उपन्यासमा राई जातिका पहिचान र प्रतिनिधित्वका समस्यालाई अघि सारिएको छ । चेतनाथ आचार्यको *रुइबा* (२०७८) मा तामाङ संस्कृति प्रस्तुत गरिएको छ । *हेत्छाकुप्पा* उपन्यासमा जातीय पहिचान, समानता र स्वतन्त्रताको मुद्दालाई सशक्त रूपमा उठाइएको छ । सत्तामा रहेका जाति अर्थात् अन्यप्रति सत्ताको वृत्तभन्दा बाहिर पारिएका जनजातिको आत्मदाबी यस उपन्यासको मूल विषय हो । नेपाली समाजमा जातीय भेदभाव कायम छ । अधिकार, शक्ति र सत्ता कुनै जातिको नियन्त्रणमा छ भने अरू जाति पाखा लगाइएका छन् । आर्थिक रूपमा मात्र नभएर चेतनाका दृष्टिले पनि धेरै जातिहरूलाई पछि पारिएको कुरालाई यसमा प्रस्तुत गरिएको छ । उपन्यास यसरी बोल्छ :

> दिल्ली सम्झौता गरेर जहानिया राणाहरूलाई जोगाउने काँग्रेसी बाहुनवादविरुद्ध विद्रोह गर्ने रामप्रसाद राई, शाही निर्दलीय पञ्चायती सामन्तवादविरुद्धका रत्नकुमार बान्तवा, ती दुवै नेताहरू राज्यको षड्यन्त्रकै कारण मारिए भन्ने साङ्गेनको ठहर थियो । त्यसरी नै यलम्बरकै सन्तानहरू आज आफ्नै भाषा, लिपि,

> संस्कृति आदिबाट बेखबर थिए। कठै ! ती आदिवासी किरातीहरू आज एक्काइसौँ शताब्दीको जगमाथि उभिँदा पनि सामन्त राजाकै प्रजा भएर एउटै भाषा र एउटै भेषको तितो नाराले किंकर्तव्यविमूढ र नाजवाफी थिए। (मुकारुङ, २०६५, पृ. ४०)

प्रस्तुत उपन्यासमा सत्ताधारी जातिसँग विद्रोहको भावना मातृरति ग्रन्थिअनुरूपको छ । सत्तामा रहेका जाति बाबुको सङ्केतक हुन् । बाबु अर्थात् अन्यको स्थान पाउन बाबुको अवसानको इच्छा प्रतीकात्मक रूपमा उपन्यासमा लक्षित छ। त्यही मनोविज्ञान *दमिनी भीर* उपन्यासमा पनि पाइन्छ। यसमा सङ्क्रमणकालीन समाजको यथार्थ र मनोविज्ञान प्रस्तुत गरिएको छ। यो मुन्दुमी आस्था भएकाहरूको समाज हो अर्थात् किराती समाज हो। यस उपन्यासमा राज्यसत्ताबाट सिमान्तीकृत गरिएको जातिहरूले भोगेका कथाव्यथा प्रस्तुत गरिएको छ । *हेत्छाकुप्पा* उपन्यासमा सांस्कृतिक अन्यपन यसरी प्रकट भएको छ :

> 'नाथे तीजकै गीत महिनौँसम्म दिन्छ। दसैँको उस्तै। भजन त झन् चौबीसै घण्टा। ॐ उच्चारणबाटै सुरु गर्छ। शिवरात्री, रामनवमी, हिन्दूहरूको चाडपर्वचैँ 'लाइभ' मै दिन्छ । रेडियो होस् कि टेलिभिजन सबैले हिन्दूको कुरा मात्रै बढाइचढाइ गर्छ,' साङ्गेनले अलि उत्तेजित भएर भन्यो– 'हाम्रो चाडपर्वहरू भने एक झलक देखाउनु मात्रै पनि उनेर्को दाँतमै ढुङ्गाा लाग्छ। त्यत्रो ल्होसार, धाननाच, माघी, साकेलाको खै त ?' (पृ. १५४)

युग पाठकको *उर्गेनको घोडा* (२०६६) उपन्यासमा तामाङ जातिको उत्थानका बारेमा चिन्तन प्रस्तुत गरिएको छ। काठमाडौँ पहिले तामाङ जातिकै राज्य भएको र अन्य जातिले उनीहरूले पाखा लगाएको कुराको स्मरण गराउँदै आफ्नो भूमि फर्काउन र तामाङ जातिलाई सचेत गराउने उद्देश्यले यो उपन्यास लेखिएको छ । उपन्यासमा बारम्बार तामाङ जातिलाई क्रान्ति गरेर आफ्नो स्वाभिमान फर्काउन क्रान्तिको अपरिहार्यतामाथि जोड दिइएको छ। उपन्यासमा रुप्चनले भन्छ– "खोज् भाते खोज्। पुर्खाको इतिहास खोज्। तेरो भोटे जाति सधैँ पिछडिएको पक्कै थिएन, नत्र यस्तो कलाकार कसरी जन्मन्थ्यो ? तिमेरू पिछडिएको कारण खोज्। तेरो जातिको पुरानो सभ्यता खोज्। खोजेर मात्र हिरा पाइन्छ, भाते" (पृ. ६४)। जातीय अन्यपनलाई यस उपन्यासमा प्रबल रूपमा प्रस्तुत गरिएको छ।

**साइबरीय यथार्थ**

साइबर संस्कृति विज्ञान र प्रविधिको विकासको उपज हो । यससँग साइबरस्पेस, टेक्नोकल्चर, भर्चुअल कम्युनिटिज, भर्चुअल रियालिटिज, भर्चुअल आइडेन्टिटिज, भर्चुअल स्पेस, साइबोर्ग, साइबरनेटिक्स, साइबरबडिज आदि धेरै कुराहरू जोडिन्छन्। रेडियो, टीभी, इन्टरनेट जस्ता सञ्चार माध्यमको विकासले संसार एउटा सानो विश्वग्राममा परिणत भएको छ। विशेषगरी इन्टरनेटका माध्यमबाट एकैछिनमा चाहेअनुसार संसारका हरेक कुरा देख्न, पढ्न र वार्तालाप गर्न पाइने भएको छ। साइबरनेटिक्सलाई मनोविश्लेषणसँग जोडेर हेर्ने परम्पराको आरम्भ गर्ने श्रेय लरेन्स कुबीलाई जान्छ। उनले अमेरिकामा सन् १९४२ देखि सञ्चालित म्याकी कन्फेरेन्समा यसबारे धारणा राख्ने गरेका हुन् । उनले मनोवैज्ञाकि अवधारणाका आधारमा मानव र रोबोटलाई समरूपमा उभ्याउने यान्त्रिक नमुना प्रस्तुत गरेका हुन्। त्यसका लागि उनले मनोवैज्ञानिक प्रक्रियाको प्रतिबिम्बनलाई प्रमुख सैद्धान्तिक आधार बनाएका छन् (हेल्स, सन् १९९९, पृ. ७०)। सर्जकको इच्छा, भाव र विचार उसका सिर्जनामा प्रतिबिम्बित भएको हुन्छ । यो कुरा साइबरनेटिक्समा पनि लागु हुन्छ । हामी इन्टरनेटमा देखेका कुरालाई साँचो मानेर हेर्छौं। काल्पनिक तहमा सत्य लागेको प्रतिबिम्बित कुरा प्रतीकात्मक तहमा सत्य हुँदैन, किनभने प्रतिबिम्बले वास्तविक अर्थ बुझाउन सक्तैन । लकाँको प्रतीकात्मक अवस्थाको सङ्केतक र सङ्केतित स्वरूप साइबरनेटिक्समा लागू हुन्छ। किटलरका अनुसार प्रतीकात्मक अवस्थाको संसार मेसिनको संसार नै हो (लिउ, सन्

२०१०, पृ. २९६) । लकाँले एडगर एलन पोको 'द पोर्लइन्ड लेटर' कथालाई खेल सिद्धान्तका आधारमा विश्लेषण गर्दै त्यसमा प्रतीकात्मक अवस्थाका माध्यमद्वारा साइबरनेटिक्स र अचेतनलाई जोड्ने प्रयास गरेका छन् । साइबरनेटिक्समा प्रस्तुत बिम्ब अवास्तविक यथार्थ हो, सङ्केत मात्र हो । हरेक सिर्जनात्मक कार्य काल्पनिक हुन्छ । विज्ञानकथा साइबरीय कल्पनामा आधारित हुन्छ । विज्ञानकथा अन्य आख्यान जस्तै भए पनि यो यथार्थवादी स्वरूपको हुँदैन । यसले भविष्यमा विज्ञान र प्रविधिले गर्न सक्ने सम्भावित कुरा वा विगतमा जे हुन सक्थ्यो भन्ने कुराको काल्पनिक वर्णन गर्दछ तर ती यथार्थका विपरीत हुन्छन् (वार्निक, सन् १९९०, पृ. ४) । त्यसै आधारमा समकालीन उपन्यासलाई हेर्न सकिन्छ ।

नेपाली उपन्यासपरम्परामा सरूभक्तको *एक अभिनवको आत्मकथा* (२०४४) देखापर्दछ । यो वैज्ञानिक स्वैरकल्पनामा आधारित छ । यसमा संवेदनशील र कम संवेदनशील यन्त्रमानवहरू पात्रका रूपमा रहेका छन् । उमेश उपाध्यायको *कालान्तरमा फेरि* (२०५८) विज्ञानकथामा आधारित छ । यसमा विज्ञान र प्रविधिको चरम विकासको अवस्थाको परिकल्पना गरिएको छ । यसमा सन् १९९४ सालको अप्रिल महिनामा हिउँले पुरिएर मरेको मान्छेको लासलाई सन् २३०५ मा पुनर्जीवित गराउन वैज्ञानिकहरू सफल भएका छन् । भाषा अनुवादक यन्त्रको विकास, हाँसो, रिस, घृणा, प्रतिशोधको भावनाविहीन तर मित्रता, सेवा र सहयोगको भावना मात्र भएका मान्छेसँग वार्तालाप गर्ने रोबोटको निर्माण, खानाका रूपमा विशेष जुसको आविष्कार, एकैछिनमा विश्वब्रह्माण्ड चहार्न सकिने यानको विकास, जुनसुकै ठाउँको सुनसुकै कालखण्डको कुरा थाहा पाउन सकिने मस्तिष्कयात्राको आविष्कार जस्ता कुराको परिकल्पना यस उपन्यासमा गरिएको छ । विज्ञान र प्रविधिले गर्न सक्ने कल्पनाको एउटा स्वरूप यस्तो छ :

> यो मानवशरीरलाई स्वाभाविक रूपले बढ्न दिनुको सट्टा असाधारण वृद्धि दिएर छोटो अवधिमा मानसिक र शारीरिक रूपले ठुलो पारिदिने प्रयोगशाला हो । विश्वमा यस्ता 'सुपर नर्मल ग्रोथ सेन्टर' हरू छ ओटा छन् । त्यहाँ वैज्ञानिक विधिद्वारा छ महिने शिशुलाई तीन–चार महिनाको अवधिभित्रै दश–बाह्र वर्षको बालक बनाउन सकिन्छ । (उपाध्याय, २०५८, पृ. ३९–४०)

टंक चौलागाईंको *जिरो कटेज* (२०६८) साइबर संस्कृतिको उदाहरणीय उपन्यास हो । यसमा विज्ञान र प्रविधिको चरम विकास भएको देखाइएको छ । सबै कुरा कम्प्युटर र इन्टरनेटका माध्यमबाट सम्भव भएका छन् । यसमा मान्छे र यन्त्रमानव छुट्याउन नसकिने अवस्था भएको छ । मरिसकेका मान्छेलाई पनि पुनर्जीवित गरी काममा लगाइएको छ भने जिउँदा मान्छे कम्प्युटर जस्ता लाग्छन् र ती कम्प्युटर प्रणालीबाट सञ्चालित हुन्छन् । पात्रका नामकरण पनि कम्प्युटर उपकरणका आधारमा राखिएको छ । त्यसैगरी भाइरस पनि मान्छेका रूपमा देखापर्दछन् । संसारका हरेक कुरा कम्प्युटरको विद्युतीय पर्दामा हेर्न सकिन्छ, मात्र तिनलाई छुन सकिँदैन । कम्प्युटर प्रणालीको मुख्य शत्रु भनेको भाइरस हो । अन्ततः जिरो कटेजलाई भाइरसले ध्वस्त बनाइदिएको छ । साइबरीय कल्पनाको एउटा उदाहरण यस्तो छ :

> त्यही आतङ्कवादी सङ्गठनले मलाई तिमीहरूको साथी बनाएर यहाँ पठाएको हो । डम्मरेको आत्मा हाम्रो कब्जामा छ । शरीर, डिक्स डिन भएर बसेको छ । म यहाँ डिक्स डिन भएर बस्दा कसैले पत्ता लगाउन सकेन । तिमीहरूको जिरो कटेजले पनि पत्ता लगाउन सकेन । ... अबको केही समयपछि जिरो कटेज ध्वस्त हुन्छ । (चौलागाईं, २०६८, पृ. १६७)

शशिराम कार्कीको *मनको उडान* (२०७८) पनि साइबरीय कल्पनामा आधारित छ । यसमा अन्तरिक्ष कथा प्रस्तुत गरिएको छ । यो विज्ञानमा आधारित स्वैरकल्पनात्मक उपन्यास हो ।

**आप्रवासी पराइपन**

कुनै एउटा मुलुकबाट अर्को मुलुकमा विस्थापित भन्ने अर्थमा आप्रवासीलाई व्यापक अर्थमा डायस्पोरा पनि भनिएको पाइन्छ । उत्तरऔपनिवेशिकवादमा जस्तै आप्रवासीको मूल मुद्दा पनि पहिचान नै हो । आप्रवासीहरू पराइ मुलुकमा रहेर, त्यहीँको नीति नियम अपनाएर पनि आफ्नो मातृभूमि र आफ्नो संस्कृति भुल्न सकेका हुँदैनन् । त्यसैले उनीहरूका लागि राष्ट्र एउटा स्वैरकल्पना बन्दछ, एउटा झलक वा दृश्यविधान बन्दछ । गृहभूमि मातृभूमि पनि हो । त्यसको स्वैरकल्पना पूर्वप्रतीकात्मक अवस्था अर्थात् काल्पनिक अवस्था हो (मिश्र, सन् २००६, पृ. ४४९) । अवताह ब्राह र रबिन कोहेनले आप्रवासीका सन्दर्भमा 'गृह' शब्दलाई फ्रायडीय स्वप्न प्रतीकात्मक रूपमा अर्थ्याएका छन्, जुन इच्छा र लालसाको स्थान हो । ब्राहका अनुसार डायस्पोरिक कल्पनामा 'गृह' इच्छाको त्यस्तो मिथकीय स्थान हो जहाँ फर्कन पाइएको छैन (नायर, सन् २०१०, पृ. १८०) । आप्रवासीले भोग्ने समस्या पराइपनको समस्या नै हो । काल्पनिक अवस्थामा आप्रवासी र आश्रय दिने मुलुकका व्यक्ति परस्पर अन्य हुन् तर प्रतीकात्मक अवस्थामा आश्रय दिने मुलुकका व्यक्ति प्रतीकात्मक बाबु हुन्, नियामक हुन्, बृहत् अन्य हुन् ।

पढाइ, रोजगारी, व्यापारव्यवसाय आदि प्रयोजनका लागि नेपाल छोडेर विदेश गएका, विशेष गरी युरोप, अमेरिका पुगेका नेपालीहरूको रोजगारीको समस्या, प्रवासी हुनुको पीडा, पहिचानको समस्या, असुरक्षाको भावना जस्ता विषयवस्तुमा आधारित भएर नेपाली उपन्यास लेखिएका छन् । यस दृष्टिले होमनाथ सुवेदीका *यमपुरीको महल* (२०६४), राजवका *एटलान्टिक स्ट्रिट* (२०६५) र *मोटेल अमेरिका* (२०६७), मनिषा गौचनको *वल्लीको डायरी* (२०६९), उमा सुवेदीको *तोदा* (२०७०) उल्लेखनीय छन् । *यमपुरीको महल* उपन्यासमा विदेश जान चाहेर पनि जान नपाएको तीस वर्षीय युवक प्रेमको मानसिक अवस्थाको चित्रण गरिएको छ । पहिला ऊ अमेरिका गएको, एउटा पाकिस्तानीले टुरिस्ट भिसा पठाइदिने आश्वासन दिएको, अमेरिकाबाट फर्केको एघार वर्ष भइसक्दा पनि टुरिस्ट भिसा नआएको, आफ्नै पैसा देखाएर जान नपाएको, जापान, अरब कतै पनि भिसा नलागेकाले बेकारको जीवन बाँच्नुपरेको र घरको आर्थिक अवस्था झन् दयनीय बन्दै गएको, घर ढल्नै आँटेको जस्ता कारणले ऊ हीनता, नैराश्यता र कुण्ठाले ग्रस्त बन्नपुगेको छ । उसमा केही गर्ने उत्साह र जाँगर मरिसकेको छ । त्यही भएर उसले म्याग्दी, राखुको आफ्नै घरमा दिउँसै सुतेको बेला आफू जे वन भिसा पाएर अमेरिका पुगेको, ग्रिनकार्ड लिन नपाएको, विभिन्न हण्डर पाएको, काम गरी कमाएको पैसा घर बनाउन नेपाल पठाउने गरेको तर घर कहिल्यै पूरा हुन नसकेको, सधैँ निर्वासित भावनाले ग्रस्त रहने गरेको, अमेरिकामा विभिन्न दुःखसँग सङ्घर्ष गर्दै बहत्तर वर्षको उमेरमा अस्पतालमा मृत्युशैयामा पुगेको सपना देख्दछ । सपनाका माध्यमबाट ऊ अमेरिका जान नपाएको, नयाँ घर बनाउन नसकेको अभावको पूर्ति भएको छ ।

*एटलान्टिक स्ट्रिट* उपन्यासमा राम्रो रोजगारीको लालसाले परिवारसहित नेपालबाट अमेरिकाको म्यासाचुसेट सहरको एटलान्टिक स्ट्रिटमा बसोबास गरेको नेपालीको कथा छ । अमेरिकामा बेरोजगारीको समस्या, काम पाएर पनि काम गाह्रो र पैसा थोरै, रोजगारदाताको हैकम, अमेरिकाका तल्लो स्तरका व्यक्तिले पनि हेप्ने, स्वाभिमान र अस्तित्वको सङ्कट जस्ता कुरालाई यस उपन्यासमा देखाइएको छ । यो उपन्यास पराइपनका दृष्टिले उल्लेखनीय छ ।

*मोटेल अमेरिका* उपन्यासमा अमेरिका पुगेको युवाको बेरोजगारी समस्यालाई यथार्थ ढङ्गमा चित्रण गरिएको छ । दिनभरि कामको खोजीमा भौँतारिनु, काम नपाइनु, गार्डेनमा गएर दिन बिताउनु, साथीको कोठामा शरणार्थी भएर बस्नु, साथीले ल्याइदिएको खाना खाएर जीवन धान्नु र मुस्किलले पाएको जागिरमा दिनरात खटिए पनि उचित तलब नपाउने जस्ता समस्या यस उपन्यासमा देखाइएको छ । अमेरिका जान लिएको ऋण तिर्नका लागि पैसा पठाउन नेपालबाट बाबुले

फोन गरिरहने र आफूसँग खाने पैसा नभएको परिस्थिति पनि उपन्यासमा प्रस्तुत गरिएको छ । अमेरिका पुगेका नेपालीहरू बाबुको मृत्यु हुँदा पनि नेपाल फर्कन नसक्ने स्थितिलाई यसमा देखाइएको छ ।

*वल्लीको डायरी* उपन्यासमा अमेरिकामा रहने नेपालीको अवस्था र बाँच्नका लागि गरिने तुच्छ स्तरको काम गर्न बाध्य नेपालीको समस्या प्रस्तुत गरिएको छ । तोदा कामको खोजीमा इजरायल पुगेका नेपाली महिलाहरूको कथा हो । यसमा महिलाहरू विदेशमा गएर कमाउने र घरमा रहेका अरूले त्यो कमाइ उडाइदिने कुरालाई देखाइएको छ ।

**जलवायु परिवर्तनको चिन्ता**

अहिले जलवायु परिवर्तन चिन्ताको विषय बनेको छ । भूमण्डलीय तापक्रम बढ्दै गएकाले हिमाल पग्लिँदै गएर कालो चट्टानमा परिणत हुने र समुद्रको सतह बढ्दै गएर कैयौँ सहरहरू डुब्ने खतरा बढ्दै छ, अनावृष्टि र अतिवृष्टि जस्ता परिस्थितिको सिर्जना भएको छ । यसले सबैलाई चिन्तित तुल्याएको छ र पर्यावरण रक्षाका आवाज उठ्दै आएका छन् । पर्यावरणीय सिद्धान्त सन् १९७० को दशकपछि मात्रै देखापरेको हो । यसले दर्शन, समाजशास्त्र, विज्ञान, नारीवाद, मार्क्सवाद र मनोविज्ञान आदि उपागमहरूबाट प्रभाव ग्रहण गरेको छ । मनोविश्लेषणात्मक आधारमा यस विषयमा संवेग, दुश्चिन्ता, मनोरचना आदिको अध्ययन गरिन्छ । सन् १९६० मा ह्यारोल्ड सर्ल्सले मानवेतर पर्यावरणको मनोवैज्ञानिक महत्त्वमाथि कुरा उठाएका हुन् तर त्यसबारे ध्यान दिइएन । रेनी लर्जम्यानले सन् २००८ मा सर्वप्रथम मनोविश्लेषणात्मक आधारमा पर्यावरण–चिन्ताको मान्यता प्रस्तुत गरेका हुन् । तर त्यसभन्दा अघि फ्रायडको अवधारणामा पनि यसको चर्चा पाइन्छ । उनले भनेका छन्– सभ्यताले धेरै कुरा राम्रो गरेको छ र भविष्यमा अझ राम्रो गर्दै जाने छ र यसले प्रकृतिमाथि विजय हासिल गर्ने छ भन्ने आशा गर्दछन् । त्यहाँ त्यस्ता तत्त्वहरू छन् जसले सारा मानवनियन्त्रणमाथि ठट्टा गरेको प्रतीत हुन्छ; भूकम्प आउँछ र मानवजीवन र तिनका कार्यलाई तहसनहस तुल्याइदिन्छ, पानीले उथलपुथल ल्याउँछ र डुबाइदिन्छ, आँधी आउँछ र सबै कुरा उडाइदिन्छ । त्यहाँ अनेकौँ रोग छन् र मृत्युको पीडादायी रहस्य छ । त्यस्ता शक्तिले हाम्रो विरुद्ध प्रतापी, क्रूर र कठोर प्रकृतिको उदय गराउँछ । त्यसले हाम्रो मनमा फेरि हाम्रो कमजोरी र लाचारी ल्याउँछ जुन हामीले सभ्यताको कामद्वारा बच्ने सोचेका थियौँ (फ्रायड, सन् १९६१, पृ. १५–१६) । त्यही नै प्रकृतिसम्बन्धी दुश्चिन्ता हो । यसप्रकारको चिन्ता स्वैरकाल्पनिक ढङ्गमा पनि प्रस्तुत गरिएको पाइन्छ । जलवायु परिवर्तनले मानव जातिको अन्त्य हुने सन्त्रास उत्पन्न भएको छ । हामी 'हामीबिनाको जगत्' को कल्पनाले त्रस्त र रोमाञ्चित छौँ । फ्रायड के भन्छन् भने हामी आफ्नो मृत्युको वास्तविक कल्पना गर्न सक्तैनौँ, आफ्नै अन्त्येष्टिको दर्शक भएको कल्पना गरिहाल्यौँ भने पनि त्यहाँ हाम्रो उपस्थिति हुन्छ । त्यसैगरी जगत्को अन्त्य वा मानवजातिको अन्त्य भएको परिदृश्यको कल्पनामा पनि अस्थानिक सपनाको निर्माणका लागि हामी बाँचिरहेका हुन्छौँ । त्यसैगरी जिजेकले हामी मानव अशरीर रूपमा सीमित भएर आफ्नै अनुस्थिति नियालिरहन्छौँ भन्दै लकाँले त्यसलाई स्वैरकल्पनाको आधारभूत आत्मगत अवस्था भनेको उल्लेख गरेका छन् (डोड्स, सन् २०११, पृ. ६) । नेपाली उपन्यासमा जलवायु परिवर्तनको दुष्प्रभावलाई स्वैरकाल्पनिक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ ।

ध्रुवचन्द्र गौतमको *सातौँ ऋतु* (२०६८) जलवायु परिवर्तन र त्यसले पारेको प्रभावलाई आधार बनाएर लेखिएको उपन्यास हो । स्वभावतः एक वर्षमा छ ओटा मात्र ऋतु हुन्छन् र ती चक्रवत् रूपमा घुमिरहन्छन् । अहिले जलवायु परिवर्तनका कारण जुन समयमा जस्तो प्रकारको मौसम देखिनु पर्ने हो त्यस्तो नभएर एउटा ऋतुमा अर्को ऋतुको लक्षण देखा पर्न थालेको छ । त्यसलाई उपन्यासमा सातौँ ऋतु भनिएको छ । त्यसको प्रभाव यस्तो छ :

१. हेमन्त ऋतु छ । जाडो छ । एक्कासि सातौँ ऋतु आफूलाई प्रमाणित गर्न धर्तीलाई उग्र रूपमा तप्त तुल्याइदिन्थ्यो । एसीवालाहरू एसी खोल्न बाध्य हुन्थे ।

२. शीतकालमा हिउँ नहुने । हिमालसमेत चट्टान मात्र भएको एक सामान्य पहाडजस्तो देखिन थाल्दथ्यो ।
३. ग्रीष्म ऋतुमा मान्छे कठाङ्ग्रिएर ठहरै भएको घटना पनि घटित भएका थिए ।
४. सरस्वतीका उपासक विद्यार्थी पाठ बिर्सिन्थे । उद्भट विद्वान्विज्ञहरू विद्या प्रदान गर्न मानिएका शिक्षक ठूलो वर्णमाला लिएर, क क बिर्कन्ने क, कान्दानी का, तर्कुल्ले कु, एकलख के, दोलख कै, लक्कानो को, दवा शिरबिन्दु कः आदि घोक्न थालेका देखिन्थे त्यस्तामा नर्सरी छाडेर सारा कक्षा बन्द हुन्थे ।
५. सातौँ ऋतुको पदार्पणका साथै मान्छे, रूख, बिरुवा, फूलपात, पाठापाठी, गाईबस्तु सब अर्कै हुन थाल्दथे ।
६. पशु सिँगौरी खेल्दथे । पशुको आदर्श आकर्षक लागेर तिनैको शैलीमा मनुष्य पनि सिँगौरी खेलिरहेका देखिन्थे । अल्झो के थियो भने, सबै जना एकै शैलीमा खेल्ने हुनाले, तिनमा भेद गर्न अत्यन्त कठिन हुन्थ्यो ।
७. मर्ने कुरा छाडौँ । तीस वर्षको एउटा पट्ठो व्यक्ति भोलिपल्टै वृद्धावस्थामा प्राप्त भई लट्ठी टेकेर मात्र हिँड्ने लायक रहन्थ्यो । यसमा सबभन्दा कठिनाइ त्यसकी स्वास्नीलाई हुन्थ्यो । नवोढा छे भने झन् असह्य । यस्तामा ऊ मनमनै कामना गर्न थाल्दथी, म मनसा–वाचा–कर्मणा पतिको सतित्वमा रहेकी छु भने, मलाई पनि भोलि उठ्दा वृद्धाकै स्वरूप प्राप्त होस् । कि वृद्धलाई युवक बनाइदेऊ । (गौतम, २०६८, पृ. १५)

उपर्युक्त कथनमा जलवायु परिवर्तनको समस्यालाई दुश्चिन्ताका रूपमा प्रस्तुत गरिएको छ । यो भौतिक यथार्थमा आधारित छैन । यसलाई स्वैरकल्पनाका रूपमा प्रस्तुत गरिएको छ । यस्तै प्रकारको प्रवृत्ति टंक चौलागाईंको *जिरो कटेज* (२०६८) मा पनि पाइन्छ । यसमा पृथ्वीको तापक्रम बढ्न नदिन र पर्यावरणीय संरक्षण गर्ने उद्देश्यले जिरो कटेजको स्थापना गरिएको छ । यो वातावरणमैत्री प्रविधि प्रयोगशाला हो र यो पृथ्वीको रक्षार्थ स्थापना गरिएको एन्टिभाइरस विश्वविद्यालय हो । भूमण्डलीय ऊष्णताले सबैभन्दा बढी खतरा नेपाललाई थियो । त्यसकारण सबै देश मिलेर जिरो कटेजको स्थापना नेपालमा गरिको हो । प्रकृति विनाश हुँदै गएकोले जनचेतना जगाउन, वायुमण्डलका विनाशकारी तत्त्वहरूसँग लड्न, प्रदूषण कम गरेर पृथ्वीको तापक्रम घटाउन यसको स्थापना गरिएको हो । तर त्यसलाई भाइरस निर्माताले ध्वस्त बनाइदिन्छ । डिक्स डिन अर्थात् भाइरसले भन्छ :

> मैले पहिला पनि भन्या थेँ । सबैले फाइदा हुने काम मात्रै गर्दैनन् । ... हामीलाई तातो मनपर्छ । प्रदूषण मन पर्छ । यो जिरो कटेजले हाम्रो बासस्थान सखाप पार्दै थियो । डिक्स स्यान्ट्रोलाई फसाउन त्यो ओडारमा काल्पनिक मान्छेको सिर्जना गरेको हो । ती सबै भाइरस हुन् । ... हाम्रो योजना सफल भयो । संसार सखाप भइसक्यो । (चौलागाईं, २०६८, पृ. १६७)

यस कथन यथार्थ नभएर दुश्चिन्ता हो, मनको डर हो । जसरी भाइरसले कम्प्युटर प्रणालीलाई ध्वस्त पार्दछ त्यसैगरी मानवीय क्रियाकलापले वातावरणीय प्रदूषणको स्थिति ल्याएको छ । मान्छेले जति विज्ञान र प्रविधिको विकास गर्दै गएको छ त्यति नै मात्रामा वातावरण प्रदूषित हुँदै गएको छ । वातावरणीय प्रदूषण उत्पन्न गर्ने त्यत्तिकै सक्रिय छन् भने त्यसलाई रोक्नका लागि विश्वस्तरमा कार्यक्रम पनि बढाइँदै छ । त्यो कुरा जिरो कटेज उपन्यासमा देखाइएको छ ।

**भूतप्रेतको उपस्थिति**

मानव सभ्यताको आदिकालदेखि नै भूतप्रेतसम्बन्धी मान्यताले जनमानसमा स्थान पाउँदै आएको छ । लोकविश्वास एवं विभिन्न धार्मिक ग्रन्थहरूमा यसलाई नकरात्मक प्रवृत्तिको अतिप्राकृतिक शक्तिका रूपमा लिइएको पाइन्छ । वास्तवमा भूतप्रेत अनुपस्थितको उपस्थिति हो । भूतप्रेत दुःखदायी अनुभूतिसँग सम्बन्धित छ । त्यो विभ्रमका

रूपमा दमित भावको पुनरागमन हो (फ्रायड, सन् १९५५, पृ. २४५) । भूतप्रेत कसैको अधीनमा हुँदैन । भूत भनेको अन्य हो, जुन सर्वशक्तिमान हुन्छ, नियामक हुन्छ (लकाँ, सन् २००६, पृ. ६८९) । भूतको बिम्ब यथार्थ होइन, त्यो अगम्य छ । जस्तो प्रतीत हुन्छ त्यही आधारमा बुझिने हुनाले भूत प्रतीकात्मक हुन्छ, सङ्केतमय हुन्छ । युङ्गले भूतलाई आद्यबिम्ब भनेका छन् (युङ्ग, सन् १९३३, पृ. २२०) । आद्यबिम्ब सामूहिक अचेतनमा सञ्चित आदिम पुर्खाहरूको अनुभूति हो । भूतलाई साहित्य समीक्षामा भित्राउने श्रेय लकाँलाई जान्छ । उनले शेक्सपियरको ह्याम्लेटको चर्चा गर्ने सन्दर्भमा लिङ्ग नै भूत हो भनेका छन् ।

नेपाली उपन्यासको उठानबिन्दुदेखि नै भूतप्रेतको प्रयोग गरिएको पाइन्छ । गिरीशबल्लभ जोशीको *वीरचरित्र* (१९६०) मा भूतप्रेतको कथा छ । रवीन्द्रकुमार मोक्तानको *वरको भोको भूत* (२०१९) मा भूतसम्बन्धी अन्धविश्वास देखाइएको छ । विश्वेश्वरप्रसाद कोइरालाको *मोदिआइन* (२०३६) उपन्यसमा मोदिआइनलाई प्रेतात्माका रूपमा हेरिएको छ । त्यसमा प्रेतात्मा आद्यबिम्ब, विभ्रम र अन्यका रूपमा देखापर्दछ । जगदीश शमशेर राणाको *सेतो ख्याक*को आख्यान (२०६०) उपन्यासको नामकरण नै भूतसँग सम्बन्धित छ ।

*सेतो ख्याकको आख्यान* उपन्यास सेतो ख्याकमा केन्द्रित रहेको छ । उपन्यासका विभिन्न सन्दर्भहरू यसैका माध्यमबाट सूत्रबद्ध भएका छन् । उपन्यासभरि सर्वत्र यसकै चर्चा र चासो रहेको पाइन्छ । यो आद्यस्वरूपीय प्रकारको छ । यसलाई “फापको सेतो, शुक्ल पक्षजस्तो जहाँ जान्छ उहीँ उज्यालो हुने, भित्ताले नछेक्ने, ढोकाले नरोक्ने, नटोक्ने, सातो नखाने, ख्याक भाग मात्र खाने, झुलुक्क देखिने अनि बेपत्ता हुने, जुन घर पस्यो त्यहाँ फापैफाप हुने (राणा, २०६०, पृ. १८१), “झ्यापुल्ले गुदगुदे मायाँलु न्याँनो थलथले सेतो ख्याक” (पृ. ९९), “देख्यो बिलायो, यो अन्तरयामी, देउता भनिहाल्न पनि नहुने, जानवर भन्न पनि नहुने । ख्याक भनेपछि ख्याक, तेसको न स्वरूप कसैले किटेर भन्न सक्छ, न कहाँ छ, कहाँ बाट आउँछ, कहाँ बिलाउँछ, कहाँ देखिन्छ भनेर नै बताउन सकिन्छ” (पृ. १६०) भनेर चिनाइएको छ । यी भनाइहरूबाट सेतो ख्याक जनविश्वासमा आधारित अलौकिक, अभौतिक, प्राणीइतर मिथकीय तत्त्वका रूपमा देखापर्दछ । यो प्रतीकात्मक रूपमा छ ।

प्रस्तुत उपन्यासमा सेतो ख्याक सबैको आशा र भरोशाको केन्द्रबिन्दु बन्नपुगेको छ । भक्तपुर, ललितपुर र अझ विशेषगरी कान्तिपुरका राजाप्रजा सबै गोर्खालीहरूको सम्भावित आक्रमण र आफूहरूको पराजयको दुश्चिन्ताले भयभीत बनेका छन् । देशको बिग्रँदो अवस्था र शक्तिशाली गोर्खालीहरूद्वारा पराजित हुने दुश्चिन्ताले ग्रस्त बनेका कान्तिपुरवासीका लागि आशाको एउटै आधार बडाकाजी धोकलसिंहको घरमा देखापरेको सेतो ख्याकलाई मानिएको छ । यो कुरा “आज सेतो ख्याक ले एस उपत्यका का वासिन्दा को चिन्तन मा नै चिन्ता पन्छाएर विभिन्न जलचर थलचर र उड्ने पशु पन्छी पतंगहरूको स्वच्छन्द लीला भरिदिएको छ । नौलो रास रच्न थालेका छन् चारैतिर नयाँ उन्माद र नौलो कामकला नाचेर । ...सबले सेतो ख्याक भोग्न थालेका आज– नअघाउने गरी” (पृ. २४७) भन्ने भनाइबाट बुझ्न सकिन्छ । यस उपन्यासमा सेतो ख्याकको उपस्थिति स्वैरकल्पनात्मक प्रकारको छ ।

**निष्कर्ष**

नेपाली साहित्यमा उपन्यास लोकप्रिय र गतिशील विधाका रूपमा रहेको छ । पाश्चात्य साहित्यमा प्रचलित नवनव प्रवृत्तिलाई आत्मसात् गर्दै नेपाली उपन्यास अगाडि बढिरहेको छ । मनोविश्लेषणको प्रभावलाई पनि यसले आत्मसात् गरेको छ । फ्रायडद्वारा स्थापित मनोविश्लेषणलाई उत्तरवर्ती कालमा परिष्कार, परिमार्जन एवं संशोधन गर्ने प्रयत्नहरू भइरहेका छन् । स्वयम् फ्रायडका समेत उत्तरवर्ती दृष्टिकोणमा परिवर्तन आएको देखिन्छ । दर्शन, भाषाविज्ञान र मनोविश्लेषणको त्रिवेणीका रूपमा उभ्याएर यसलाई पुनर्प्रतिष्ठा दिलाउनुमा ज्याक लकाँको योगदान रहेको छ । लकानीय

मनोविश्लेषण उत्तरसंरचनावादको एउटा मूल कडी हो र उत्तरवर्ती सिद्धान्तहरूको एउटा प्रमुख आधार पनि हो । त्यसैले मनोविश्लेषण अन्तर्विषयक बन्दै गएको छ । नेपाली उपन्यासपरम्परामा मनोविश्लेषणको प्रयागेगत वैविध्य देखापर्दछ र विभिन्न सन्दर्भमा यसको प्रयोग भएको पाइन्छ । मनोविश्लेषणको परम्परागत अवधारणालाई पनि नवीन परिप्रेक्ष्यका प्रस्तुत गर्नु उत्तरवर्ती उपन्यासका विशेषता हो । स्वैरकल्पनाको प्रयोग मनोविश्षणको एउटा पक्ष हो । ध्रुवचन्द्र गौतम नेपाली उपन्यासपरम्परामा स्वैरकल्पनाको प्रयोग गर्ने प्रमुख उपन्यासकार हुन् । उनका प्रायः सबै उपन्यासमा स्वैरकल्पनाको प्रयोग पाइन्छ । *उपसंहार अर्थात् चौथो अन्त्य, पागल–बस्ती, समय त्रासदी, स्वप्न सम्मेलन, सर्वजा, घनचक्कर, मिस्टिका* उपन्यास स्वैरकाल्पनिक छन् । विजय मल्लको *कुमारी शोभा,* गोविन्दबहादुर मल्ल 'गोठाले' को *अपर्णा,* रोशन थापा 'नीरव' का *प्रत्येक श्रवणकुमार अर्थात् युद्ध* र *प्रस्थान्तर,* बुद्धिसागरको *कर्नाली ब्लुज* उपन्यासमा अहम्को प्रतिबिम्बन पाइन्छ । नेपाली उपन्यासपरम्परामा आधुनिक कालको उठानबिन्दुदेखि नै नारीलाई केन्द्र बनाएर उपन्यास लेखिन थालेको भए पनि नारीवादी चिन्तन स्पष्ट रूपमा *समानान्तर आकाश* उपन्यासबाट देखापरेको हो । यस उपन्यासमा नारीहरूलाई हरेक दृष्टिले पुरुषहरूभन्दा उच्च देखाइएको छ । *राधा, ताप, वल्लीको डायरी, तोदा* उपन्यास पनि नारीवादी दृष्टिले उल्लेखनीय छन् । मानसिक आघात, चोट वा कटु अनुभव भन्ने अर्थ बुझाउने अभिघातको प्रयोग उत्तरवर्ती नेपाली उपन्यासमा गरिएको पाइन्छ । त्यसप्रकारका उपन्यासहरूमा नारायण वाग्लेका *पल्पसा क्याफे, मयूर टाइम्स*, *सुकरातका पाइला*, *अनायिका*, *उर्गेनको घोडा*, *त्रिवेणी आमा*, *ताप* उपन्यास उल्लेखनीय छन् । लैङ्गिक सन्दिग्धहरूको मनोपीडालाई *अतिरिक्त, सलिजो, आवरण* उपन्यासले सशक्त रूपमा प्रस्तुत गरेका छन् । *अविरल बग्दछ इन्द्रावती, हिमाल र मान्छे, छिटेन, गन्तव्य, आदिवासी, उर्गेनको घोडा, हेत्छाकुप्पा, दमिनी भीर, रुइबा* जातीय बोध तीव्र भएका उपन्यास हुन् । *एक अभिनवको आत्मकथा, कालान्तरमा फेरि, जिरो कटेज, मनको उडान* साइबरीय कल्पनामा आधारित छन् । *यमपुरीको महल, एटलान्टिक स्ट्रिट, मोटेल अमेरिका, वल्लीको डायरी, तोदा* उपन्यास आप्रवासी समस्याको चित्रणका दृष्टिले उल्लेखनीय छन् । *सातौँ ऋतु* र *जिरो कटेज* जलवायु परिवर्तन र त्यसले पार्ने दुष्प्रभावलाई आधार बनाएर लेखिएका उपन्यास हुन् । *सेतो ख्याकको आख्यान* भूतप्रेतको उपस्थिति भएको उपन्यास हो । यो उपन्यास सेतो ख्याकमा केन्द्रित रहेको छ । यी विभिन्न आधारमा मनोविश्लेषणात्मक प्रयोगका दृष्टिले उत्तरवर्ती नेपाली उपन्यास सबल रहेको पुष्टि हुन्छ ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, इन्द्रविलास (२०६१). *पश्चिमी साहित्यसिद्धान्त*. साझा प्रकाशन ।

उपाध्याय, उमेश (२०५८). *कालान्तरमा फेरि*. साझा प्रकाशन ।

उप्रेती, सञ्जीव (सन् २००७). *घनचक्कर*. पब्लिकेसन नेपाञ्लय ।

गौतम, कृष्ण (२०७१). *उत्तरसिद्धान्त : अद्यतन चिन्तनका महान् पश्चिमी प्रणेता*. भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, ध्रुवचन्द्र (२०६८). *सातौँ ऋतु*. साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान*. साझा प्रकाशन ।

चौलागाईं, टंक (२०६८). *जिरो कटेज*. कखरा किताब ।

जोशी, कुमारबहादुर (२०५१). *पाश्चात्य साहित्यका प्रमुख वाद*. साझा प्रकाशन ।

तेराख (२०६०). *सर्वज्ञा*. तेजराज खतिवडा ।

पाठक, युग (२०६६). *उर्गेनको घोडा*. साङ्ग्रिला बुक्स प्रा. लि. ।

पाण्डे, नयनराज (२०५०). *अतिरिक्त*. साझा प्रकाशन ।

पौड्याल, एकनारायण (२०७०). समालोचनाको स्वरूप र पद्धति. विमर्श नेपाल ।

पौड्याल, षडानन्द (२०७८) *नेपाली लोकविश्वास*. नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र*. साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०७२). *मनोविश्लेषण र साहित्य* (दोस्रो संस्क.). अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसनल प्रा. लि. ।

बुद्धिसागर (२०६७). *कर्नाली ब्लुज*. फाइनप्रिन्ट आइएनसी ।

भण्डारी, कृष्णप्रसाद (२०५६). फ्रायड र मनोविश्लेषण. साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०६३). *मनको रोग*. साझा प्रकाशन ।

मुकारुङ, राजन (२०६५). *हेत्छाकुप्पा*. छेत्रकला राई तथा हर्कमान राई ।

राणा, जगदीशशमशेर (२०६०). *सेतो ख्याकको आख्यान* (दोस्रो संस्क.). श्रीमती भुवन राणा ।

रेग्मी, अनुपमा (२०७६–२०७७). जुलिया क्रिस्टेभाको नवमनोविश्लेषण र साहित्यको अन्तर्पाठीय अध्ययन पद्धति. *प्रज्ञा,* १(११९), ३२–४५ ।

रेग्मी, मुरारीप्रसाद (२०५५). मनोविश्लेषण. *नेपाली साहित्यकोश*. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६६). *सलिजो*. सीमान्त प्रकाशन प्रा. लि. ।

शर्मा, शारदा (२०६९). *ताप*. साङ्ग्रिला बुक्स ।

श्रेष्ठ, ईश्वरकुमार (२०५१). *पूर्वीय एवम् पाश्चात्य साहित्य–समालोचना प्रमुख ममान्यता, वाद* र *प्रणाली*. साझा प्रकाशन ।

सरूभक्त (२०४८). *पागल–बस्ती*. साझा प्रकाशन ।

सरूभक्त (२०५८). *समय त्रासदी*. विजय गजानन्द वैद्य ।

सिंह, पद्मावती (२०६७). *समानान्तर आकाश* (दोस्रो संस्क.). साझा प्रकाशन ।

सुवेदी, उमा (२०७०). *तोदा*. साङ्ग्रिला पुस्तक प्रा. लि. ।

Brothers, D. (2008). *Toward a Psychology of Uncertainty: Trauma-centered Psychoanalysis*. The Analytic Press, Taylor & Francis Group.

Beauvoir, S. de. (1953). *The second sex* (H. M. Parshley, Tras. & Ed.). Jonathan Cape.

Dodds, J. (2011). *Psychoanalysis and ecology at the Eedge of chaos complexity theory, Deleuze and Guattari and psychoanalysis for a climate in crisis*. Routledge.

Freud, S. (1910). The origin and development of psychoanalysis. *The American journal of psychology, 21*(2), 181-218.

Freud, S. (1955). *The Interpretation of Dreams* (J. Strachey, Trans. & Ed.). A Member of the Perseus Books Group.

Freud, S. (1961). *The future of an illusion* (J. Strachey, Trans. & Ed.). W.W. Norton & Company.

Freud, S. (1975). *Three essays on the theory of sexuality* (J. Strachey. Trans. & Ed.). Basic Books, Inc., Publishers.

Freud, S. (1989). *The Freud Reader* (P. Gay, Ed.). W. W. Norton & Company.

Hayles, N. K. (1999). *How we became posthuman.* The University of Chicago Press.

Jagose, A. (1996). *Queer Theory: An Introduction.* New York University Press.

Jung, C. G. (1933). *Modern man in Search of a Soul*. Routledge & Kegan paul Ltd.

Lacan, J. (1977). *Ecrits: A selection* (A. Sheridan, Trans.). Routledge Classics.

Lacan, J. (1978). *The Four Fundamental Concepts of Psychoanalysis* (A. Sheridan, Trans.). W. W. Norton & Company.

Lacan, J. (1988). *Freud's Papers on Technique 1953-1954* (J. Forrester, Trans.). W. W. Norton & Company.

Lacan, J. (1991). *The seminar book of Jaques Lacan:* Book I. Freud's paper on technique, 1953-1954 (J. A. Miller, Ed. & R. Grigg, Trans.). W. W. Norton & Company.

Lacan, J. (1998). *The seminar book of Jaques Lacan:* Book XX. On feminie sexuality: The limits of love and knowledge, 1972-1973 (B. Fink, Trans.). W. W. Norton & Company.

Lacan, J. (2006). *Écrits* (B. Fink, Trans.). W. W. Norton & Company.

Liu, L. H. (2010). The Cybernetic Unconscious: Rethinking Lacan, Poe, and French Theory. *Critical Inquiry*, *36*(2), 288-320.

Mishra, V. (2006). The Diasporic Imaginary: Theorizing the Indian Diaspora. In B. Ashcroft, G. Griffiths and H. Tiffin (Eds.), *The Post-Colonial Studies Reader* (2nd ed., pp.447-450). Routledge, Taylor & Francis Group.

Moi, T. (1986), Feminist Literary Criticism. In A. Jefferson and D. Robey (Eds.), *Modern Literary Theory, A comparative Introduction* (2nd ed., pp. 204-221). B. T. Batsford Ltd.

Nayar, P. K. (2010). *Contemporary Literary and Cultural Theory.* Pearson.

Sendinger, T. (2002). National and Identification: Psychoanalysis, Race, and Sexual Difference. *Cultural Critique*, *50,* 40-75.

Warnik, P. S. (1990). *The cybernetic imagination in science fiction.* The MIT Press.

Wolfreys, J. (2002). Trauma, Testimony, Criticism: Witnessing, Memory & Responsibility. In Julian Wolfreys (Ed.), *Introducing Criticism at the 21st Century* (pp. 126-148). Rawat Publications.